# व्यथाको कथा

(कथासङ्ग्रह)

लीलादेवी श्रेष्ठ

शब्दयात्रा प्रकाशन

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, बनेपा – ६, काभ्रे
(प्रकाशनपुष्प : २३०)

मूल्य : १५०।-
संस्करण : पहिलो
सर्वाधिकार : कृतिकारमा
प्रकाशनप्रति : ५०० मात्र
प्रकाशनकाल : जेठ २०८१
अक्षराङ्कन : सङ्गीता केसी, बनेपा
साजसज्जा : गीता अधिकारी, बनेपा
आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा, काभ्रे
ISBN: 987-9937-653-89-3

## सादर समर्पण



पूज्य बुबा डा. गोरखमान श्रेष्ठ
तथा







आमा पूर्णकुमारी श्रेष्ठ, माइली आमा अम्बिकादेवी श्रेष्ठ
र कान्छी आमा शान्तिदेवी श्रेष्ठमा !

# लीला-अनुभूति

जीवन कथा होइन, कथ्य हो
जीवनसङ्ग्रामको उतारचढावमा आएको यो कृति
गहना जीवनोगति
यही त रहेछ हाम्रो अविरल यात्रा
न भोग न विलास, न सम्पत्तिको उपद्रो चाह
स्वाभिमान एक जिन्दगी ।

कवि सिद्धिचरण भन्थे –
सङ्कट पर्दछ मानिसलाई ढुङ्गालाई के पर्छ
असिना आई फूलबारीकै फूलहरू पहिले झार्छ
जसको छाती जति विशाल छ, त्यतिकै सङ्कट उसलाई ।

म दिदी लीलादेवीसँग छु । साथमा केदार सर पनि । वि. सं. २०३३ सालमा केदारनाथ श्रेष्ठ सदरमुकाम भोजपुरको क्याम्पस प्रमुखमा कार्यरत रहनुहुँदाको मेरो परिचय, साथै दिदीसँग पनि । झन्डै ५० वर्षअघि ।

कर्तव्यपालनका सिलसिलामा केदार सर लीला दिदीसँगै सुन्दर भोजपुर बजारदेखि काठमाडौँ उपत्यका पस्नुभयो । काठमाडौँको कोलाहल नगरीमा जीवनवृत्तिको क्रममा प्राध्यापनमा आइपुग्नुभयो ।

मलाई थाहा छ केदार सर र लीला दिदीको प्रेमविवाह । अरुण नदीले सीमा काटेको रोकटोकले बाधा-बन्देज नगरेको, आश्चर्य लाग्छ । डेढ वर्षको प्रेमपत्रको सिलसिला – अरुण नदी र मकालु अनि टेम्के । जीवनको व्यवहारको उतारचढाव, आर्थिक, सामाजिक, पारिवारिक, अनेकौँ प्रश्न, यी कुनै पक्षले उहाँहरूको मन र मुटुमा व्यवधान गरेन । झन् बलियो बनायो जीवनयात्रा ।

म भन्छु, सम्झन्छु शिव-पार्वती, सती-शिव । यही त तपस्या होला निष्ठा र आत्मीयता । वर-पीपल । कल्पनामा उड्दा आकाश र धर्ती । उहाँहरूको जोडी कतै मधुमालतीको राजकुमार र राजकुमारीको, चखेवा-चखेवीको । कल्पना संसार न हो ! संसार कल्पना मात्र होइन । यो जोडी दुईमा एक भएर रमायो, एकमा दुई भएर रमायो । प्रकृतिमा गर्व गऱ्यो । परिस्थितिमा सङ्घर्ष र सम्झौता गऱ्यो ।

जीवनयात्रा, जीवनवृत्तिको सङ्घर्षमा पद-प्रतिष्ठा प्राप्त गर्ने, विभिन्न आय आर्जन गर्ने कुरामा नलागी सादा र सरल पथिकको यात्रा उहाँहरूको । वरिष्ठ ज्येष्ठ नागरिकद्वय । अरुणा र मैले आदरसहित सम्मान गऱ्यौँ । निकै बेर आँखा जुधायौँ । आफू-आफूमा हरायौँ । घन्टौँघन्टा बस्यौँ । कुरा चले भोजपुर र चैनपुरका अनि घट्टेकुलो र रातोपुलका । सुखका कुरा भए, दुःखका कुरा भए ।

दिदी लीलाका अरू व्यक्तित्व मलाई थाहा थियो । उहाँको जीवन सङ्घर्षको बाटो महादेवले सतीदेवीलाई बोकेर हिँडेको प्रसङ्ग । सायद यो लीला दिदीलाई आमाले सुनाउनुभएको कथा हो । त्यसको अमिट छाप दिदीलाई अथवा हुन सक्छ गोमाले शिवशर्मा । खैर, यी कुरा छोडौँ । दिदीको एक नयाँ व्यक्तित्व उहाँका सृजित कृति 'जिन्दगीका डोबहरू' कवितासङ्ग्रह र 'अठोट' नाटक द्रोण दाइमार्फत परिचित थिएँ नै । यही परिचयका क्रममा 'व्यथाको कथा' नामक कथासङ्ग्रहको पाण्डुलिपि आइपुग्यो । म दिदीको कल्पनाशीलताको प्रशंसा, खास गरेर प्रेममार्गका क्रममा उहाँले लेखेका कविताहरू । मलाई थाहा थिएन उहाँ भजनमा त्यत्तिकै रमाउनुहुन्छ । गद्यकविता, मुक्तक, गीतका बान्कीहरू पनि त्यत्तिकै छन् । कविता साहित्य एक जीवन यथार्थ हो । म यही ठान्छु । यसै दृष्टिले लीला दिदीको अनुभव, अनुभूति, भावना र कल्पनाका सृजना हेर्छु, पढ्छु, मनन गर्छु । जीवन जीवनमय भएकी दिदी र केदार सरको सेवाभावनालाई उत्प्रेरक बनाएका छन् हरि मञ्जुश्रीले ।

वि. सं. २०४२ मा केदार सर बिरामी । त्यसपछि त लीला दिदीको जीवनमा घरव्यवहारको थप जिम्मेवारी । समाज त यही हो नि ! कसले कुन प्रकारले व्यवहारमा झुक्याए, ठगे, के-के गरे, ती सम्झने कुरा भएन । वि. सं. २०५३ सालदेखि दिदीलाई थप भार आयो । काठमाडौँको भीड, केदार सरको किडनीको समस्या, डाइलोसिस, वीर अस्पतालको दौडाइ, खर्च अनिश्चितता, अन्यमनस्क स्थिति । इष्टमित्र त त्यस्तै रहेछ । कैयौँको सद्भावना । संसार न हो असार । परिवारको सहयोग र भावना मात्रै पनि ठूलो हुन्थ्यो । दिदीलाई आस्था र भक्तिले डोऱ्यायो । पुट्टपर्ती जानुभो । काठमाडौँ फर्केपछि लखनऊको राजीव गान्धी अस्पताल । दिदीले आमा बन्ने अठोट गर्नुभयो र किडनी त आफैँ म दिन्छु भनेर । उहाँले किडनी दिनुभो । सरको अप्रेसन सफल भयो । नल-दमयन्ती सम्झन्छु । सावित्री-सत्यवान्को कथा । दिदी सम्झनुहुन्छ साइकृपा । ईश्वर दयालु । विश्वरूप । यो आस्था-निष्ठा उहाँको दाम्पत्य प्रेमको अविस्मरणीय उदाहरण । मैले सीता सम्झेँ । जनकपुत्री सीता । तन, मन, धन सबै ईश्वरप्रति । पतिको सेवाप्रति ।

भगवान् पनि कति परीक्षा लिने रहेछन् । लीलादेवी प्रश्न गर्नुहुन्छ । वि. सं. २०६७ मा केदार सरको ठूलो आन्द्रामा क्यान्सर । उफ् ! तर केदार सरले जित्नुभो । लीला दिदीले जित्नुभो । फेरि नजिकै आएको मृत्यु फर्केर गयो, पर्खेर । यसमा सम्झन्छु लीला दिदीको आफ्नै प्रकारको निष्ठा, त्याग र समर्पण ।

दिदीका पाँच कथाले आफ्नै बोल बोलेका छन् । साइबाबा उहाँको स्मरण, जसले उहाँको जीवनमा भक्तिभाव उद्वेलित भएको अध्यात्म यात्रा देखाएको छ । सन्तान आत्मीय कथा, हाम्रो समाजको एक यथार्थ घटना हुन सक्ने भविष्यको सङ्केत । सन्तान आफैँले जन्माउनुपर्छ भन्ने पनि त छैन ! अरूको सन्तान आफ्ना मानिदिए पुग्यो नि !

राधा र रत्नको प्रेमप्रसङ्ग । प्रतीक्षा । अन्त्यमा पशुपति आर्यघाट । उफ् ! यो उदाहरण अमूर्त आदर्श प्रेम ।

प्रतिभा बालमन्दिरमा हुर्केकी युवती । प्रेमीको दुर्घटनापछि मृत्यु उप्रान्त प्रेमी पारसको साथी डा. अविनाशसँग हिमचिम र प्रेम । अनि डा. अविनाशकी आमाले स्वीकार गरेको वैवाहिक सम्बन्ध । समाज परिवर्तनको उजागर पक्ष ।

'सानी' कथाले आमालाई छोडेको बाबु लामो समयपछि घरमा केही दिनका लागि आउँदा गरेको व्यवहारले गर्दा सानीको बालमनोविज्ञानमा पारेको प्रभावको नापजोख ।

प्रकृतिले सिँगारिएको सङ्खुवासभा । हिमाली क्षेत्र । त्यहाँ प्रकृतिको सम्पदा कति-कति ! अरुण र मकालुको अनि मिल्केको सौन्दर्य । यस्तो ठाउँमा जन्मेर हुर्केकी, बढेकी, पढेकी लीला दिदी कता हराउनुभएछ भन्ने प्रश्न मेरो मनमा आइरहेको थियो । उहाँको कवितासङ्ग्रह हेर्दा मलाई सन्तोष भयो । केही उहाँको प्रेमकथा, अरुणको सुसाइ, मकालुको सौन्दर्य, पारिवारिक ऊहापोहले उहाँको जीवनमा आएका मोडहरू ।

मैले यति भन्नैपर्छ यति नजिक भएको नाताले, दिदीको कोखमा औरस सन्तान आइपुगेनन् । प्रकृतिको कुरा, ईश्वर-इच्छा । दिदी सन्तानलाई सृष्टिको क्रम मान्नुहुन्छ । भगवान्का सन्तान हामी, हाम्रा सन्तान सात-आठ अरब ।

दिदीले भनेको कुरा सम्झन्छु । जीवनभर दुःखसुख सँगेटेर सँगै बाँच्ने, यात्रा गर्ने त पतिपत्नी नै हुन् । चराहरू आउँछन्, बढ्छन्, उड्छन् । अनि कताकता सन्तान ती । उहाँ गजबको कुरा गर्नुहुन्छ । संसार रित्तो पनि त छैन ! माया दिन र पाउन सेवा र उपकार शब्द उहाँको ॐ (स्वामी) सँगै आउँछ ।

भगवान्को लीला विचित्र छ । कसैलाई सन्तान भएर पीर, कसैलाई नभएर पीर । सन्तानका लागि किन मरिमेट्छन् ! संसार केवल रङ्गमञ्च त हो ! दिदीको पण्डित्याइँले कहिलेकाहीँ मलाई आजित बनाउँछ । धृतराष्टका १०० सन्तान । कृष्णका यदुवंशी सन्तान । उफ्, कति दार्शनिक कुरा ! यस्ता कुरा दिदीले अध्ययन, अनुभव, अनुभूतिबाट लिएको पाइन्छ । दिदीको प्रेम आमाप्रति,

प्रकृतिप्रति त छँदैछ । ईश्वरप्रतिको निष्ठा, त्यो त लेख्नैपरेन । दिदीको त्याग र समर्पणबारे केदार सरको तलको गीतको बोलले प्रस्ट पारेको छ –

'आँधी, हुरी, बतासले विचलित बनाउन खोज्दा ।'

केदार सरका बारेमा अन्य प्रसङ्गमा लेखिसकेकाले यहाँ मैले लेखिरहनुपरेन । यति मात्र भनौँ कि लीला दिदीको 'जिन्दगीका डोबहरू' बाट भक्तिखण्डका गीत, अन्य गीतका अतिरिक्त मुक्तक, दोहोरीगीतले उहाँको सृजनात्मक प्रतिभालाई देखाएको छ । यस्तै सामाजिक पक्षमा उहाँको नाटक 'अठोट' ले ।

नेपाली वाङ्मयमा सङ्खुवासभाको एक नारी स्रष्टाको निरन्तरता भए आफ्नै स्थान ओगट्ने सम्भावनाको क्षितिज उघ्रिएको देखेको छु । दिदीको थप सृजना आउने विश्वासका साथ यस कृतिका लागि बधाई ज्ञापन गर्दछु ।

**– प्रा. डा. खेम कोइराला बन्धु**

# शुभकामना

साहित्य सिर्जना सर्जकहरूका लागि आत्मसन्तुष्टिको खुराक हो भन्ने मलाई लाग्दछ । त्यसैले साहित्यका विविध विधामा आफ्नो खुबी देखाउन पुस्तकको प्रकाशनमा स्रष्टाहरू अभिरुचि राख्दछन् । आफ्नो परिचय समाजमा स्थापित गराउन पुस्तक प्रकाशनको माध्यम पनि एक उत्तम उपाय हो । तर सिर्जना गर्ने काम त्यति सजिलो पनि छैन । सबैमा यो ऊर्जा देखिँदैन पनि । यसलाई ईश्वरप्रदत्त शक्ति नै ठान्नुपर्ने हो कि ?

प्रसङ्ग फेरें । लीलादेवी श्रेष्ठको 'व्यथाको कथा', यो तेस्रो कृति हो । यी कथाहरू पहिले नै लेखिएका हुन् । पाण्डुलिपि सुरक्षित, अहिले प्रकाशोन्मुख । ज्यादै खुसीको अनुभूति भएको छ मलाई । त्यसैले यो क्षणलाई महत्त्वपूर्ण ठानेको छु ।

आफ्नो लेखनकला-सीपलाई समाजसमक्ष पुऱ्याउन सकिए पाठकहरूबाट प्राप्त प्रतिक्रियाले भविष्यमा गरिने सिर्जनामा मार्गदर्शन गर्न सक्दछ । यस पुस्तकका कथाहरूबाट पनि समाजमा केही शुभसन्देश पुग्न सक्ने मेरो व्यक्तिगत विचार छ ।

हरेक सुखदुःखमा प्रत्यक्ष सहभागी भई गहन जिम्मेवारी बोक्दै आफ्नो कर्तव्यपथमा अडिग मेरी जीवनसँगिनी लीलादेवी श्रेष्ठको साहसका कारण पुनर्जीवन पाउने सौभाग्य पाएँ । १९ दिनसम्मको 'नोज ब्लिडिङ', 'किडनी फेल' र पेटको ठूलो आन्द्राको क्यान्सर जस्ता डरलाग्दा रोगहरूको सामना मैले गर्नुपऱ्यो । यी आपद-विपदहरूसँग जुध्न सक्ने आँट मात्र नभई तन, मन, धन सम्पूर्ण समर्पण गर्न तयार मेरी जीवनसँगिनी एक वीराङ्गना नै हुन् । यति ठूलो त्याग, सेवा र मायाको बदलामा उनलाई मैले दिन सक्ने उपहार यो संसारमा खै के वस्तु होला र ? तर उनको मप्रतिको प्रेम र सेवामा कुनै कमी छैन । त्यसैले मेरी श्रीमतीको त्याग, प्रेम,

समर्पण, सहनशीलता र जन्म-जन्ममा तिर्न नसकिने गुणको कदर एवं प्रशंसा गर्दै आफ्नै शब्द, स्वर र सङ्गीतमा एउटा गीत तयार पारी सप्रेम हृदयदेखि नै मेरी जीवनसँगिनी लीलादेवी श्रेष्ठलाई अमूल्य उपहारस्वरूप समर्पण गरेको छु । यो गीत यु-ट्युबमा केदारनाथ श्रेष्ठ 'सर्च' गरी सुन्न सकिन्छ ।

## गीत

आँधी, हुरी, बतासले विचलित बनाउन खोज्दा
धेरै पीडा भोग्यौ तिमीले मलाई बचाउन खोज्दा

हिँड्दा-हिँड्दै बीचमा लर्खराउँदै ढलेँ म
हात समाती तिमीले उठायौ अनि उठेँ म
कसरी त्यो क्षण आयो कता अल्झोमा परेँ म
सहारा मेरो तिमी नै तिमीले गर्दा बाँचेँ म

आपद-विपदले घेर्दा साहस बटुली तिमीले
रोक्ने प्रयास गर्दा झन् कष्ट पायौ तिमीले
मृत्युसित खेलेर मलाई बचायौ तिमीले
मैले त हारेकै हुँ, बाजी जित्यौ तिमीले

अहिले म ८४ वर्षको जीवनयात्रा बिताइरहेको छु । अब मैले गर्ने काम आशीर्वाद दिने, शुभकामना दिने र लिने हो जस्तो लाग्छ । त्यसैले तिम्रो प्रत्येक आदर्शमय काम र कर्तव्यप्रति सफलता हासिल हुन सकोस् । स्वस्थ र सुखी जीवनका लागि आशीर्वाद एवं मङ्गलमय शुभकामना छ ।

**– केदारनाथ श्रेष्ठ**

# मेरो भनाइ

सङ्खुवासभा जिल्लाको चैनपुर बजार । राणाकालीन नेपालमा पूर्व ६ नं. नामबाट चिनिएको सुन्दर चैनपुर बजारको 'मुमिकश' श्रेष्ठ परिवारमा मेरो जन्म भएको ।

मकालु हिमालको सौन्दर्यसित रमाउँदै बितेका दिनहरूलाई एकपटक फेरि आँखा र मनभरि कैद गर्न जन्मभूमिको प्रेमले डोऱ्याउँदै ५१ वर्षपछि आफ्नो माइतीघरको आँगन टेक्ने सौभाग्य पाएँ । मैले आनन्द र खुसीको असीमित अनुभूति गरेँ । आफ्नो माटोको सम्मान गर्ने सुनौलो क्षण प्राप्त गरेँ । पूर्वघटित कुराहरू आँखाअगाडि नाच्न लागे ।

हाम्रो सुन्दर घरको फराकिलो आँगनमा हरेक साँझ तल्लो-माथिल्लो घरका दिदीबहिनी, दाजुभाइ तथा साथीहरू एकीकृत हुँदै कहिले डन्डिबियो त कहिले टोपीलुकाइ खेल, त्यस्तै कबड्डी आदि-आदि खेलहरूमा सामेल भई रमाइलो गरेका क्षणहरूको मीठो सम्झनाले एकाएक रोमाञ्चित हुँदै टोलाउन बाध्य भएँ । सधैँ विभिन्न फलफूलले लटरम्म देखिने बगैँचा सम्झेँ । घरपरिवारमा बसेर, देखेर, भोगेर हिँडेको सुन्दर चैनपुर बजार पहिलेको भन्दा शून्य र फरक पाएँ ।

त्यहाँ मैले मेरा अग्रजहरू र साथीभाइहरूलाई पाउन सकिनँ । मन केही क्षण शून्यतामा हरायो । भाइ सुरेन्द्र श्रेष्ठले बनाएको होटल 'शान्त चौतारी' को कौसीमा बसेर चारैतिर नजर घुमाएँ । समयको गति फरक । तर पनि आफ्नो माटोप्रतिको प्रेमको रङ्गमा रमाएँ । मात्र एक दिनको छोटो बसाइमा कतै जान नसके पनि हाम्री इष्टदेवी चैनपुरकी प्रसिद्ध देवी श्रीसिद्धकाली माताको दर्शन गरेँ । पहिलेको भन्दा अहिले धेरै फरक, तर निकै आकर्षक । हाम्रा बाजेको नामले चिनिने 'लप्टन पाटी' र भाइ लोकदर्शनले स्थापना गरेको

श्रीसिद्धकाली माताको दाहिने आँखाको स्थापनाले मन्दिरको शोभा बढाएको पाएँ । स्वस्थानी व्रतकथा अनुसार सतीदेवीको दाहिने आँखा पतन भएको प्रसिद्ध श्रीसिद्धकाली माता ।

बिहान चैनपुर बजार परिक्रमा गर्दै जाँदा थोरै चिरपरिचित अनुहारसँगको भेटघाटले मन प्रसन्न भयो । आफूले अध्ययन गरेको सरस्वती हाइस्कुललाई हृदयदेखि नै नमन गरेँ । कविता तथा कथावाचनमा सहभागी हुँदा शिक्षकहरूबाट पाएको हौसलाको अविस्मरणीय क्षणलाई सम्झेँ । त्यसै बेलादेखि लेख्ने रहर जाग्यो । शब्दहरूसँग खेल्ने प्रयास गरेँ । वैवाहिक जीवनपछि पनि निरन्तरता दिएँ लेखन क्षेत्रलाई । कविता, गीत, मुक्तक, भजन, कथा अनि नाटक यसको प्रतिफल हो । यथार्थमा गृहस्थी जीवनको फुर्सदको समयलाई सदुपयोग गरेकी हुँ ।

यसपटक चैनपुरको छोटो बसाइपछि मीठो सम्झनालाई हृदयभरि बोकेर आफ्नो कर्मभूमितिर फर्केँ । केही दिनपछि प्रकाशन गर्न बाँकी रहेका कथाहरूको पाण्डुलिपितर्फ ध्यान लगाएँ । पाण्डुलिपि सर्सर्ती पढेँ अनि प्रकाशन गर्ने निधोमा पुगेँ ।

'जिन्दगीका डोबहरू' (कवितासङ्ग्रह) र 'अठोट' (नाटक) को प्रकाशन केही समयअगाडि भइसकेका छन् । यो 'व्यथाको कथा' मेरो तेस्रो कृति हो । समाजमा घट्न सक्ने घटनाहरूको यथार्थतालाई कथामा समावेश गर्ने प्रयास गरेकी छु । कथाहरूबारे पाठकवृन्दबाट धारणाहरू व्यक्त हुने नै छन् । त्यसैले कथाभित्रका बारे धेरै गन्थन गर्न चाहिनँ ।

अब पुस्तकबारे आफ्नो धारणा 'लीला-अनुभूति' शीर्षक राखी लेखिदिनुहुने प्रा. डा. खेम कोइराला बन्धुलाई ससम्मान आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । मेरो लेखन क्षेत्रमा उत्साह र ऊर्जा थप गरिदिनुहुने सबै शुभेच्छुकहरूप्रति पनि आभारी छु । साथै, पुस्तक प्रकाशन एवं व्यवस्थापनका लागि शब्दयात्रा प्रकाशनका संस्थापक तथा अध्यक्ष भाइ हरि मञ्जुश्रीप्रति पनि हार्दिक कृतज्ञतासहित धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सधैँ-सधैँ मलाई माया गरी मेरा हरेक चाहनाहरूको ख्याल राखी हरेक सुखदुःखमा साथ दिँदै हौसला बढाउने मेरा श्रीमान् केदारनाथ श्रेष्ठप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु, जसको निश्छल प्रेम र स्नेहले सिञ्चित मेरो जीवन सार्थक बनेको छ ।

**– लीलादेवी श्रेष्ठ**

# प्रकाशकीय

लीलादेवी श्रेष्ठ गीतकार हुनुहुन्छ, गायिका हुनुहुन्छ, नाटककार हुनुहुन्छ, समाजसेवी हुनुहुन्छ, आध्यात्मिक साधिका हुनुहुन्छ, शब्दयात्रा प्रकाशनका आजीवन तथा हाल सञ्चालक सदस्य हुनुहुन्छ, शब्दयात्रा प्रा. केदारनाथ-लीला श्रेष्ठ सङ्खुवासभा प्रतिभा पुरस्कारका कोष व्यवस्थापक हुनुहुन्छ, उहाँले शब्दयात्रा प्रकाशनका लागि आर्थिक र भौतिक सहयोग गरिरहनुभएको छ भन्दै र लेख्तै आएकोमा अबदेखि उहाँ कथाकार पनि हुनुहुन्छ भनेर उहाँको थप परिचय लेख्नुपर्ने भएको छ । किनभने यस पुस्तकबाट उहाँको कथाकार व्यक्तित्व अगाडि आएको छ ।

लीलादेवी श्रेष्ठद्वारा लिखित 'व्यथाको कथा' नामक यस कथासङ्ग्रहमा पाँचवटा कथा छन् । सबै कथा पारिवारिक विषयवस्तु रहेका सामाजिक कथा लाग्छन् । पाठकको मनलाई भित्रभित्रै उद्वेलित बनाउन र पढिसकेपछि निकै बेर घोरिन बाध्य पार्ने यी कथाहरूले पाठकलाई राम्रो सन्देश पनि दिएका छन् । परिवार र समाजमा देखिने र देखिएका बेथिति र विसङ्गति, समाजको गलत व्यवहारले निम्त्याएको मानसिक विचलन, बालमनोविज्ञान, नारीका वेदना आदि विषयले यसभित्रका कथालाई पठनीय र मर्मस्पर्शी बनाएका छन् । यस सङ्ग्रहका लागि कथाकार वन्दनीय हुनुहुन्छ ।

यस सङ्ग्रहको अक्षराङ्कन, भाषिक शुद्धीकरण, साजसज्जा, आवरणसज्जा र मुद्रणका लागि जसजसको सहयोग प्राप्त भएको छ, उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दै अन्य सहयोगका सन्दर्भमा झैँ प्रकाशनका सन्दर्भमा पनि यसै संस्थालाई स्मरण गर्नुभएकोमा कथाकारप्रति शब्दयात्रा प्रकाशन हार्दिक आभार व्यक्त गर्दछ ।

**– हरि मञ्जुश्री**
अध्यक्ष : शब्दयात्रा प्रकाशन

# कथाक्रम


| | | |
|---|---|---|
| १. | दया र प्रेमका प्रतिमूर्ति साइबाबा | १ |
| २. | अमूर्त प्रेम | ८ |
| ३. | प्रतिमा | २० |
| ४. | आत्मीयता | ४४ |
| ५. | सानी | ५९ |

व्यथाको कथा (कथासङ्ग्रह)

●

लीलादेवी श्रेष्ठ

# दया, क्षमा र प्रेमका प्रतिमूर्ति साइबाबा

काठमाडौंमा बसोवास सुरु भएपछि कहिलेकाहीँ साइबाबाको चर्चा-परिचर्चा सुन्नुका साथै कहिलेकाहीँ भजनतिर जाने र सत्सङ्ग गर्ने मौका मिल्यो । खास गरेर २०५० सालदेखि मात्र मलाई बाबाका विभिन्न लीला देख्ने र भजन-कीर्तन सुन्ने र सत्सङ्गमा आनन्द लिने सौभाग्य प्राप्त भएको हो । त्यसै समयदेखि ममा बाबाको दर्शन गर्ने उत्कट अभिलाषा जागेर आयो । तर बाबाको बोलावट नआई जान नपाइने रहेछ । आतुर हुँदै समय पर्खेर बसेँ ।

एक दिन अचानक म, मेरा श्रीमान् र अर्को एक जोडी श्रीमान्-श्रीमती मिलेर पुट्टपर्ती जाने निर्णयमा पुग्यौँ । बच्चा र एक बिमारीसमेत गरी १० जनाको टोली बनाई हामी २०५२ साल माघमा पुट्टपर्तीतर्फ लाग्यौँ ।

गोरखपुरबाट ट्रेन चढेको तेस्रो दिन अपराह्न साढे १ बजे बेङलोर पुग्यौँ । हामी त्यहाँबाट सिधै पुट्टपर्ती जानका लागि ट्याक्सी रिजर्भ गर्दै थियौँ, त्यसै बेला एक व्यक्तिले 'बाबा हालै मात्र बेङलोरको नजिकै ह्वाइट फिल्डतर्फ वृन्दावनमा सवारी भएको छ' भन्ने कुरा बतायो । हामी खुसी हुँदै त्यहाँबाट गाडी लिएर सिधै ह्वाइट फिल्डतर्फ लाग्यौँ ।

त्यस दिन माघ महिनाको बिहीबार परेको थियो । बिहीबार बाबाको प्रिय बार भएको हुँदा दर्शनको शुभ घडी सम्झेर म खुसीले दङ्ग थिएँ । सबै बसेको लाइनमा हामी पनि सामेल हुन पुग्यौँ । बाबा सवारी हुनुभन्दा केही क्षण अगाडि एक प्रकारको मीठो धुन बजाइँदो रहेछ । एकै छिनपछि गेरुवस्त्रधारी भगवान् बाबा सबै भक्तहरूमाथि

कृपादृष्टि दिँदै मन्दमन्द गतिले भजन हलतर्फ सवारी भयो । वातावरण शान्त थियो । बाबाको पहिलो दर्शनमा खुसी र श्रद्धाले मेरो आँखा भिज्यो, मन भिज्यो, तन भिज्यो । लाग्यो यो अनुहार मेरो चिरपरिचित अनुहार हो, जो मेरो आफ्नै नजिकको, आफूसँगै बस्ने, आफ्नै वरिपरि घुमिरहने सत्य सनातन शक्ति थियो ।

ह्वाइट फिल्डको ९-१० दिनको त्यो बसाइमा साँझ-बिहान दर्शनका लागि लाइनमा बस्ने र बाबाको भजन-कीर्तनमा आनन्द लिएर कोठामा फर्कने गर्दा दिन बितेको पत्तै भएन । पुरुषको लाइनतर्फबाट मेरा श्रीमान् र साथीहरूले पहिले नै बाबाको चरण पाउनुभयो । हामी महिला साथीहरू भने त्यो शुभ मुहूर्तलाई पर्खदा-पर्खदै घर फर्कने दिन आयो । इच्छा पूरा हुन नसकेकोमा मन व्याकुल थियो ।

हिँड्नका लागि सबै सामान तयार पारेर अन्तिम दर्शनका लागि पुनः लाइनमा बस्न गयौँ । मनले भने घर फर्कन पटक्कै मानेको थिएन । बाबाका बारेमा मनमा नाना तर्क-वितर्कहरू उठ्न थाले । त्यस्तैमा धुन बज्यो । बाबाको सदाझैँ भजन हलतर्फ सवारी भयो । त्यस दिन बाबा हामी बसेको लाइनबाट सवारी भयो र ममा रहेको उत्सुकताको निवारण गर्दै विदेशी रोगी महिलाहरूलाई हात घुमाएर विभूति सृष्टि गर्दै वितरण गर्नुभयो । त्यसरी नै मन्दमन्द चालमा अरू भक्तहरूतर्फ लम्कनुभयो । मैले मनैमन ‘ए बाबा ! हामी आज जाँदैछौँ, चरण पाए जन्मेको सार्थक हुने थियो’ भन्दै प्रार्थना गरिरहेँ । नभन्दै हाम्रो लाइनबाट बाबा सवारी भयो । आइमाईतर्फको तँछाडमछाडले बाबा फर्केर जानुभयो । त्यो सुनौलो मौका गुमेकोमा ज्यादै दुःख लाग्यो ।

बाबाको पाउ अन्तै मोडियो । केही बेरपछि बाबा पुनः हाम्रो ठीक अगाडिको लाइनबाट सवारी भएर भक्तहरूको चिठी लिँदै र चरण दिँदै अघि बढ्नुभयो । ठीक मेरा सामुन्नेकी एक विदेशी महिला खुसीले गदगद हुँदै बारम्बार बाबाको चरण स्पर्श गरिरहेको दृश्यले

मैले आफूलाई म त्यही विदेशी महिला भएकी भए कति भाग्यशाली हुने थिएँ नि त भन्दै उसैमा आफूलाई डुबाइरहेथैँ । अगाडि नै भए पनि अनुशासन भङ्ग गरेर बाबाको चरण समाउन मिल्दैनथ्यो । अतः किंकर्तव्यविमूढ भएर टोलाउन थालेँ ।

आश्चर्य, बाबा फनक्क फिरेर हाम्रो सामु उभिनुभयो । बाबासँग आँखा जुध्यो । हात जोडेर एक शब्द निस्कियो 'बाबा !' सँगै जानुभएकी एक दिदीले हत्तपत्त चरण स्पर्श गर्नुभयो । त्यसपछि पो म झसङ्ग भएँ । मैले पनि हत्तपत्त बाबाको चरण स्पर्श गरेँ । त्यो क्षण मलाई यस्तो लाग्यो मेरा यी हातहरू पवित्र भए, मेरो जीवन सफल भयो । मन खुसीले फुरफुर नाच्न थाल्यो । बाबा अन्तर्यामी हुनुहुन्छ । बाबाको आशीर्वाद पाएर हाम्रो बिदाइ खुसी र आनन्दले भरियो ।

२०५३ साल पौषमा पुनः बाबाको दर्शन गर्न पुट्टपर्तीमा गयौँ । १५ दिनजति पुट्टपर्तीमा बसेपछि फर्कदा शिरडी बाबाको दर्शन गर्ने इच्छाले शिरडीतर्फ लाग्यौँ । शिरडी त्यस्तै सुन्दर, हराभरा र अति रमाइलो भूमि रहेछ । त्यहाँ पनि दर्शनको लाइनमा निकै भीड हुँदो रहेछ । तर पनि भक्तहरू दर्शनको लाइनमा पङ्क्तिबद्ध भएर शान्त वातावरणमा आफ्नो पालो पर्खेर शिरडी बाबाको दर्शन गर्दा रहेछन् । खुसी लाग्यो । हामी पनि बाबाको दर्शन गरी मनमा आनन्द र सन्तोष लिएर घर फर्कियौँ ।

२०५३ साल फागुनमा हाम्रो जीवनमा एउटा यस्तो समय आयो, जसले गर्दा हाम्रो मनमस्तिष्क र जिन्दगीले अर्कै मोड लियो । हुन त ५-६ महिना अगाडिदेखि नै मेरा श्रीमान्‌को स्वास्थ्य र स्वभावमा केही फरक देखिएकाले बारम्बार डाक्टरकहाँ जचाउन जानका लागि पटकपटक अनुरोध गरेथैँ, तर मान्नुभएको थिएन । पछि गएर राति निद्रा नलाग्ने, खाना मीठो नलाग्ने, जिउ आलस्य हुने, स्वभावमा चिडचिडापन आउने र बिहान दन्तमञ्जन गर्दा वाकवाक लाग्ने जस्ता विभिन्न लक्षणहरू देखापर्न थाले । एक दिन बाहिर निस्केको बेला चक्कर लागेपछि डाक्टरकहाँ देखाउन गयौँ ।

प्रेसर २१०/१२० रहेछ । डाक्टरले तुरुन्त सम्पूर्ण शरीरको परीक्षण गर्नका लागि सिफारिस गर्नुभयो । भोलिपल्ट सबै रिपोर्टहरू लिएर डाक्टरलाई देखाउँदा मेरा श्रीमान्को दुवै मृगौला असफल भएको कुरा बताउनुभयो । सोचाइभन्दा बाहिरको परिणामले गर्दा हामी ज्यादै दुःखित र मर्माहत भयौँ । तैपनि यहाँका अरू मृगौला सम्बन्धी डाक्टरहरूसँग पनि परीक्षण गरायौँ । सबैले एउटै कुरा बताउनुभयो । अब हामीसँग एउटै अन्तिम आशा र दृढ भरोसा थियो बाबाको दर्शन र सुपर हस्पिटल ।

२०५४ वैशाख २ गते हामी ठूलो आशा र विश्वास लिएर पुट्टपर्तीतर्फ गयौँ । त्यस समयमा बाबा तामिललाडुको कोडाइकुनाल सवारी भएको रहेछ, दर्शन पाइएन । बिहानको ॐकारध्वनिपछि सुप्रभातमा सामेल भएर जनरल हस्पिटलमा गयौँ । त्यहाँको साधारण परीक्षणपछि सुपर हस्पिटलका लागि सिफारिस गरियो । त्यहाँको परीक्षणको रिपोर्टमा रोगका लक्षणहरू अरू अघि बढेको पाइयो । तर दुर्भाग्यवश १-२ साल अघिदेखि त्यस हस्पिटलमा मृगौला प्रत्यारोपण गर्ने कार्यक्रम बन्द भएको रहेछ । हामी त्यहाँबाट पनि हतास र निराश भएर त्यसै रात मद्रास हुँदै घर फर्कियौँ ।

श्रीमान्को स्वास्थ्य ज्यादै कमजोर अवस्थामा पुगिसकेको हुँदा डाक्टरको सल्लाहअनुसार वीर अस्पतालमा भर्ना गराई त्यस रोगका लागि तत्काल एक मात्र उपाय डायलोसिस भएको हुँदा त्यही प्रक्रिया अपनाउन बाध्य भयौँ । एक महिनापछि हस्पिटलबाट निस्केर घर आयौँ । हप्तामा दुईपटकसम्म अनिवार्य रूपले गर्नुपर्ने डायलोसिस प्रविधि बिरामी र परिवारका लागि ज्यादै झन्झट र कष्टप्रद लाग्यो । त्यसबाट आर्थिक बोझ र मानसिक तनाव बढिरहने रहेछ । त्यसमा पनि कहिलेकाहीँ दबाइपानी र डाइलोजर आदिको अभावमा झन् पीर थपिँदो रहेछ । फेरि यस रोगका लागि यो प्रविधि खास उपचार नभएर रोकथामका लागि मात्र रहेछ । रोग निवारणको अन्तिम उपाय मृगौला प्रत्यारोपण मात्र हो भन्ने कुरा थाहा भए तापनि दाताको अभावमा निकै समस्याहरू उत्पन्न भए । डाक्टरको भनाइ अनुसार

मृगौला दाता आफ्नै चाहिँदो रहेछ । तर अङ्गदान दिने हिम्मतवाला आफ्नो वंशमा कोही नपाउनुका कारणले हामी किंकर्तव्यविमूढ भएर एक वर्षसम्म डायलोसिसमै बसिरह्यौँ । धेरै दुःख र खर्च भयो । कतैबाट आशाको किरण पलाएन ।

डाक्टरको भनाइमा श्रीमतीसम्मले मृगौला दिन मिल्छ भन्ने आश्वासनले गर्दा मेरो ब्लड ग्रुप जचाइयो । 'ओ पोजेटिभ' रहेछ । श्रीमान्‌को 'ए पोजेटिभ' रहेछ । 'ओ पोजेटिभ' लाई डोनर ग्रुप (दाता) मान्ने भएको कारण ममा निकै आशा र हौसला मिल्यो । अतः २०५४ चैत्र १७ गते श्रीमान्‌लाई लिएर भारतको लखनौँस्थित सञ्जय गान्धी हस्पिटलमा पुग्यौँ । त्यस हस्पिटलको मृगौला रोगका प्रमुख डाक्टर आर. के. शर्मालाई भेटेर सबै कुरा गर्‍यौँ । वास्तवमा 'ओ पोजेटिभ' डोनर ग्रुप नै रहेछ, खुसी लाग्यो । भोलिपल्टदेखि हाम्रो ब्लडको क्रस म्याचदेखि लिएर सम्पूर्ण शरीरको चेक-अप सुरु गरी परिणामका लागि मैले बाबाको चरणमा अर्पण गरेँ । अन्तमा बाबाको कृपाले म श्रीमान्‌को मृगौला प्रत्यारोपणका लागि योग्य डोनरका रूपमा सावित भएँ ।

लखनौँमा हामी बसेको लतिका लजको एउटा कोठामा हामी प्रत्येक साँझ बाबाको भजन गर्थ्यौं । बाबासँग म हरसमय यही पुकार गर्दथेँ – "बाबा ! तिमी सशरीर जहाँ भए पनि मलाई केही फरक पर्दैन । किनकि तिमी विश्वरूप हौ र हामी तिम्रै काखमा छौँ । अतः अप्रेसनको समयमा डाक्टर जो होस् तर अप्रेसन गर्ने हात तिम्रो हुनुपर्छ ।"

म यस्तै जिद्धी गर्थें ।

अप्रेसन २०५४ जेठ १५ गतेका लागि तय भयो । डोनर र बिरामीले अप्रेसनभन्दा २ दिन अगाडिदेखि नै हस्पिटलमा भर्ना हुनुपर्ने रहेछ । त्यसकारण हाम्रो पनि भोलिपल्ट अप्रेसनका लागि हस्पिटलमा बस्ने पालो आयो । श्रीमान् मृगौला लिने, श्रीमती मृगौला दिने अवस्था थियो । यस्तो स्थितिमा मनमा कुरा खेल्नु स्वाभाविकै थियो ।

मङ्गलबार बेलुकी ८-९ बजेतिर लजको आँगनमा एक्लै पलङमा बसेर के-के सोचिरहेथेँ । अचानक गोकुलधुपको मीठो बास्नाले वातावरण एकदम अर्कै भयो । अचम्मित भएँ, यो कसरी भयो ? सोचेँ, बाबा सवारी भएको सूचना यसरी नै विभिन्न सुगन्धद्वारा अनुभव हुन्छ । अनि हामी हस्पिटल जाने दिन भएकाले बाबा साँच्चै नै सवारी हुनुभएछ भनी ढुक्क भएँ ।

भोलिपल्ट बुधबार हामी हस्पिटलमा भर्ना भयौँ । मलाई ४ तलामाथि युरोलोजी वार्डमा र मेरा श्रीमान्लाई केटीयूमा राखियो । शुक्रबार अप्रेसन थियो । बिहीबार साँझ हस्पिटलमा मेरो बेडनजिक पुनः त्यही गोकुलधुपको मीठो सुगन्ध छायो । अब मलाई पक्का विश्वास भयो मेरा दयालु ईश्वर यतै हुनुहुन्छ ।

दुवैको अप्रेसन र दुवैको जीवनको अनिश्चितता भएको यस्तो अप्ठेरो स्थितिमा अनुभव नभएका भतिजा, भदा, भदै र कामदारबाहेक आफ्नो परिवारका बुजु्रक अभिभावकहरू कसैको उपस्थिति हुन नसक्दा ज्यादै सङ्कटको घडी लागेको थियो । ज्यादै दयनीय अवस्थामा थियौँ हामी । हाम्रो आफ्नो भन्नु नै बाबाको फोटो र विभूति थियो । भगवान् बाबाको अगाध विश्वास र श्रद्धाले गर्दा ममा एक प्रकारको शक्तिले निडर र निश्चिन्त रहन प्रेरित गर्थ्यो । मैले आफ्ना श्रीमान्लाई पनि उनै भगवान्मा सम्पूर्ण विश्वास राखेर हर समय उनको पुकारा गर्नका लागि जोड दिएँ ।

१५ गते बिहान ८ बजे हामी दुवैलाई अप्रेसन गर्ने कोठामा लगियो । एउटा इन्जेक्सन दिएको सम्म थाहा छ । त्यसपछि एकैचोटि रातको १-२ बजेतिर आफूलाई पोस्ट अपरेटिभ वार्डको बेडमा पाएँ । बिहान ७ बजे युरोलोजी वार्डको बेडमा सारियो ।

एक हप्तापछि घाउको टाँका काटेर म डेरामा फर्कें । दुई हप्तापछि मेरा श्रीमान्लाई पनि डेरामा लिएर आएँ । अप्रेसनपछि हामीले खास कुनै अप्ठेरो स्थितिको सामना गर्नुपरेन । हामी ३ महिनापछि सकुशल घर फर्कियौँ ।

यो सब हुनु भगवान् साइबाबाकै कृपा हो । हरेक भक्तको हार्दिक पुकार बाबाले सुन्नुहुन्छ, साथै हरेक सङ्कटको घडीमा बाबाले आफ्ना भक्तको उद्धार गर्नुहुन्छ भन्ने कुरामा म झन् विश्वस्त भएकी छु ।

भगवान् बाबा दया, क्षमा र प्रेमका प्रतिमूर्ति हुनुहुन्छ । मेरो यो सत्य र तथ्य अनुभव हो । मैले भगवान् बाबाको वचन अनुसार केही गर्न सकेकी छैन, तापनि मैले आफ्नो तन-मन वचनका सबै कर्म बाबाको चरणमा अर्पण गरेकी छु ।

(साभार : आत्म-निवेदन, अङ्क ४, २०५६ पुस)

# अमूर्त प्रेम

मानिस समय र परिस्थितिको दास हो । जसले जसका अगाडि जति नै फुर्ति छाँटे पनि अनि जति नै खुसी छु भनेर देखाउन खोजे पनि ऊभित्र कुनै न कुनै पीर र अभावले सताइ नै रहेको हुन्छ । ती थुप्रै अशान्ति र पीरमध्ये समयमा विवाह हुन नसकेका युवतीहरूको पीर झनै मार्मिक हुन्छ । उनीहरू त्यो पीर चाहेर पनि व्यक्त गर्न सक्तैनन्, लज्जा र सङ्कोचले भित्रभित्रै पिल्सिएर जिउन बाध्य हुन्छन् । जब समयमा विवाह हुन सक्दैन, उसले आफू योग्य जोडा पाउन सक्दिन । केटा मान्छे आफू बढी उमेरको भए तापनि केटीको उमेर कम भएकै चाहन्छन् । यसले गर्दा केटीहरूको उमेर बढ्दै गएपछि कि त बुढीकन्या भई घरको बोझ भएर जिन्दगी काट्नुपर्ने हुन्छ, कि त विधुर मान्छेसँग विवाह गर्नुपर्ने हुन्छ । तर त्यो विवाह माइतीतर्फका लागि आफ्नो कर्तव्य पूरा गरिएको ठहरे तापनि वा बोझ बिसाएको आनन्द अनुभव गरे तापनि ती चेलीले आफ्नो जीवन भने प्रायः असन्तोष र अशान्तिमै बिताउनुपर्ने हुन्छ ।

राधिकालाई पनि १७-१८ वर्ष उमेर पुगेदेखि नै थुप्रै केटा माग्न आए । ऊ क्याम्पसमा पढ्दै थिई । लामो केश, बान्की परेको शरीर, हिसी परेको अनुहार, ठूलाठूला आँखा, सलक्क परेको नाक, मिलेका सेता दाँतहरू अनि रातो वर्णले निकै खुलेको अनुहार थियो उसको । जहिले पनि हाँसेर बोल्ने बानीले गर्दा ऊ सबैकी प्यारी थिई । उसको चञ्चले स्वभाव र मनमोहक हँसाइले त्यो घरको खुस र सुखमा अर्कै किसिमको आनन्द थपिएको थियो । पढाइतर्फ पनि उसको राम्रै अवस्था थियो । नाच्नमा उसलाई कसैले भेट्न सक्दैनथ्यो । उसले नृत्यमा थुप्रै पुरस्कार हात पारिसकेकी थिई । ऊ सङ्गीतको प्रेमी पनि थिई ।

घरकी प्यारी र एक्ली छोरी भएकी हुँदा मौका पाएर पनि बाहिर पढ्न जाने उसको धोको पूरा भएन । उसले त्यहीँको क्याम्पसमा पढी र पछि गएर पद्मकन्या क्याम्पसमा नृत्य प्रशिक्षिका भएर दिन काट्न थाली ।

केही समयपश्चात् दाजुहरूको विवाह भयो एकै लगनमा । घरमा धुमधाम खुसी बढ्यो । त्यस बेला राधिकाको विवाहको पनि कुरा नआएको होइन । तर धेरै दिदीबहिनी भएको घरमा दुःख हुन्छ भन्ने सोचले गर्दा बाबुआमाले दिन मानेनन् । राधिकाको यो लगन पनि त्यसै टऱ्यो । सानी छे भन्दाभन्दै पनि २५-२६ वर्षकी भइसकेकी थिई ऊ । दाजुहरूको विवाहमा उसका काकाका छोरीहरू सीमा र मुना दुवैजना २-२ बच्चाहरू लिएर श्रीमान्सहित उपस्थित भएका थिए । राधिकालाई लाउन-खान र सुख-सुविधामा केही कुराको कमी थिएन । तर त्यस बेला राधिकाले आफ्नो जीवनमा थुप्रै कुराको कमी भएको महसुस गरेकी थिई ।

दाजुहरूको विवाह भएपछि राधिका दाजुहरूबाट दिनदिनै टाढा हुन थाली । दाइहरू कहिले ससुराली त कहिले भाउजूहरूका साथमा सिनेमा हेर्न र घुम्न बाहिर निस्कन्थे । चाडबाडमा दाजुभाउजूहरू घरमा भन्दा बढी ससुरालीमा र साथीहरूसँगै रमाउँथे । यता घरमा भने बाबुआमा र राधिका दिनदिनै हराउँदै गएको सुख र खुसीको सम्झनामा एक प्रकारको नमीठो र खल्लोपनको अनुभव गर्दै भावी दिनहरूको कल्पनामा चिन्तित हुँदै समय व्यतीत गर्न थाले । अब बाबुआमा छोरीको भविष्यबारे चिन्ता गर्न थाले । राधिका यो बढ्दै गएको एक्लो र परायापनले भित्रभित्रै आत्तिन थाली ।

बाबुआमा आफ्नो जिउ छँदै राधिकालाई कुनै योग्य केटालाई ज्वाइँ बनाउन पाए खुसीसाथ प्राण जाने थियो भन्ने विचार गर्दै यताउता केटा खोज्न थाले । तर माया र ममताको सीमा र समयको मूल्य नबुझेका बाबुआमाले राधिकाका निम्ति भनेजस्तो जोडी पाउन नसकी हार माने । कहिलेकाहीँ बुढिया दिक्क हुँदै बुढासँग कचकच

गर्थी – “हजुरकै घमन्ड र नचाहिँदो स्वाङले गर्दा आज राधिकाको विवाह हुन सकेन । तपाईंले न त उसले चाहेको केटासँग जोडी बाँधिदिनुभयो, न त माग्न आउने केटाहरूको पर्वाह नै गर्नुभयो । बिचरी ! हाम्रो सेखपछि कसरी दिन काट्छे !”

बुढीको कुराको जवाफमा बुढो भन्थ्यो – “के गर्ने त ? सानैमा दिई पठाउन सकिएन र भनेजस्तो पनि भएन । के गर्ने, यस्तै भो ! आ ... केही छैन, पढेकै छे । एउटा घर बस्नलाई दिएकै छु । गर्छे, खान्छे । यति न हो, हामी नभएपछि ऊ सायद अरू एक्लिँदै जानेछे । दाजुहरूले पहिलेजस्तै माया गरे त उसलाई त्यति गाह्रो पर्ने थिएन । तर के गर्ने, बुहारीहरू अर्काका छोरी भइदिए ।”

राधिकाको अन्तस्करणभित्र एउटा सजीव चित्र प्रतिबिम्बित थियो, जसको सम्झनाले मात्र पनि उसलाई एक प्रकारको आनन्दको अनुभूति हुने गर्थ्यो । त्यो खालि एउटा स्मृति थियो । तर पनि खै के भन्ने ! यसको महत्त्व र अर्थ त राधिकाले मात्र बुझ्न सक्छे ।

राधिकाको स्कुले जीवनमा पहिलोपटक ऊसित प्रेमको याचना गर्दै ‘रत्न’ नामको एक युवक याचक भई उसका अगाडि आयो । युवक राम्रै थियो । खालि जन्म भने कुनै गाउँमा भएको थियो । राधिकाका लागि मरिमेट्ने युवकलाई ऊ पनि भित्रभित्रै माया गर्थी, तर खुल्न भने सक्दिनथी ।

दुवैले एकैसाथ एसएलसी पास गरे । राधिका पद्मकन्या क्याम्पसमा पढ्न थाली, रत्न पुल्चोक क्याम्पसमा पढ्न थाल्यो । राधिका र रत्नको भेट अब संयोगमा सीमित भयो । तर सम्झना भने एक-अर्कोभित्र मीठो दुखाइ बनेर बसिदियो ।

दुवैको पढाइ आफ्नै गतिमा बढ्दै गयो । समय प्रत्येक रातसँगै छिप्पिँदै गयो । रत्न र राधिकाको धेरै समयसम्म भेटघाट हरायो । त्यसबीचमा रत्न इन्जिनियर भएर सुरुसुरुमा काम गर्न जानुपर्दथ्यो ।

मिहिनेती र परिश्रमी हुनाका कारणले आफूलाई दिइएको जिम्मेवारी इमानदारीपूर्वक सम्पन्न गर्थे । प्रतिफलस्वरूप उच्च अध्ययनका लागि उसले विदेश जाने मौका पनि पायो । दुवैको भेटघाट थिएन । तर पनि सोधीखोजी गर्नेले चाहेको कुरो पत्तो लगाइ नै हाल्छ । मनभित्र निरन्तर लुकेको सम्झनालाई यही सोधाइ र सुनाइको परिधिमा राखेर दुवै आ-आफ्नो कर्म र लक्ष्यमा बढिरहे ।

राधिका अन्ततः ३५ वर्षकी पनि भई । उसमा विवाह गर्ने चाहनाभन्दा पनि भविष्य कसको आधारमा बिताउने भन्ने पीर बढ्न थाल्यो । ऊ सक्षम भएर पनि आफूमा अपूर्ण र असन्तुष्ट थिई । मनमा थुप्रै कुराहरू खेल्न थाल्यो । रातमा धेरै बेरसम्म पढेर अनि एक्लै टोलाएर समय बिताउन थाली ।

त्यस्तैमा एक दिन उसकै एउटा पुरानो साथीसँग गौशालामा भेट भयो । एकछिन त ठम्याउन गाह्रो भो राधिकालाई । तर उसको गालाको कोठीले चिनी । उसले शिष्टतापूर्वक सोधी – “यहाँको शुभ नाम जान्न सक्छु ?”

जवाफमा उसले भनी – “किन र ? मेरो नाम रजनी हो ।”

‘बस्, शङ्का समाप्त भो’ भन्दै राधिकाले अँगालो हाली । रजनी एकछिन जिल्ल परी र भनी – “आम्मै नि ! के गर्नुभा’को ? मलाई चिन्नुहुन्छ ?”

राधिकाले हाँस्दै भनी – “मोरी ! अझै चिनिनस् ? लौ, मैले त अघि देख्नासाथै चिनेथेँ ।”

राधिका हाँसेसँगै रजनीले पनि उसका दुवै हात जोडले समातेर भनी – “चिनेँ-चिनेँ । तँ राधिका होइन र ? कस्तो अचम्म हगि ? भेटघाट टाढा भएपछि चिन्न पनि गाह्रो हुँदो रहेछ । बाबै नि ! आज कुन संयोगले भेटघाट भो ! जिन्दगी कस्तो चल्दैछ त राधिका ?”

“म त खुसी नै छु रजनी ! अनि तँ आजकल कता छेस् ? के काम गर्दैछेस् ? अहिले कता हिँडेकी नि ?”

उसले भनी – "कता जानु ! घरै छु । गलैंचा उद्योग खोलेकी छु ।"

"उसो भए खुब पैसा कमाएकी होलिस् होइन ? कत्तिको चल्ती छ ?"

"ठिकै छ । सिजनमा अलिअलि फाइदा त भइहाल्छ नि ! अनि तँचाहिँ के गर्दैछस् नि ?"

"नृत्यशाला खोलेकी छु । बिहान क्याम्पसमा पढाउँछु । बस् ।"

"अनि केटाकेटी कतिजना भए ? विवाहमा पनि बोलाइनस् !"

"होइन, यो के भन्छे ? पहिले कुरा त राम्ररी बुझ् । मुखमा जे आयो, बोली बस्छे ।"

"अनि के त ? मैले सोध्न नहुने कुरा सोधेँ र ?"

उसले ओठमा अलिकति मुस्कान भर्दै जवाफ दिई – "खै, मेरा लागि विवाह गर्ने केटो जन्मनै भुलेछ क्यारे !"

रजनीले उत्सुक भएर भनी – "उसो भए तँ पनि अहिलेसम्म कुमारी नै छेस् ?"

उसले 'तँ पनि' भन्दा राधिकालाई रजनी पनि अविवाहित भएको शङ्का भयो र सोधी – "होइन, तेरो चाहिँ विवाह कहाँ भयो रजनी ?"

रजनीले एकछिन स्तब्ध भएर भुइँतिर हेरिरही । राधिकाले फेरि भनी – "ए, के भो ?"

रजनीले आँखा जुधाउँदै भनी – "केही भएको छैन ।"

राधिकाले हाँस्दै भनी – "अनि भन् न त यार, तेरो केटो कस्तो छ ?"

दृष्टि भुइँतिर दिँदै भनी रजनीले – "बुढो छ ।"

हाँस्दै प्रश्न थपी राधिकाले – "बालबच्चा नि ?"

"दुइटी छोरी छन्, एकजना छोरो छ ।"

राधिकाले भनी – "कुन स्कुलमा कति-कतिमा पढ्दैछन् नि नानीहरू ?"

सहज भावमा उत्तर दिई रजनीले – "छोरो वकिल छ । दुवै छोरी क्याम्पसमा पढ्छन् ।"

उत्सुक भएर राधिकाले सोधी – "यो कस्तो कुरा गर्छे ! तेरा बच्चाहरू यति वयस्क ? सोझो मान्छेसित त सोझो कुरा पो गर्नुपर्छ त !"

"हो त राधिका ! म सोझो कुरा गर्दैछु ।"

राधिका रिसाएको भावमा भन्छे – "भइहाल्यो, यस्तो नबुझ्ने कुरा नसुना । बरू भन्, कता जाने ?"

"तँ कता जाने नि ?"

"आज शनिबार । जाने ठाउँ नै कहाँ छ र ? पशुपतिनाथको दर्शन गर्न हिँडेकी ।"

"ए, लौ त सँगै जाऔँ । म पनि उतै जान लागेकी । बिस्तारै हिँड्दै जाउँला ।"

एकछिन दुवै मौन भएर सँगसँगै हिँडेपछि रजनीले मौनता भङ्ग गर्दै भनी – "राधिका ! तैँले मेरो कुरा पत्याइनस् हगि ?"

उसले रजनीको मुखमा पुलुक्क हेरी र कृत्रिम हाँसोसँगै हिँडिरही । रजनीले उसलाई समातेर वनकालीतिर हिँड्न बाध्य गराई र त्यही बगैँचाभित्र रजनीले आफ्नो जीवनी सुनाउन थाली राधिकालाई । उसले भनी – "राधिका ! तँलाई मैले जे सुनाएँ, सबै सत्य कुरा सुनाएँ । तर पनि तैँले पत्याइनस्, होइन र ? बरू सोध् न यो सब के हो भनेर ?"

राधिकाले भनी – “भन् न त के हो ?”

“हेर्, कुनै दिनको आत्मीय साथी भएकीले अझै पनि त्यही भावना लिएर तँलाई म आफ्नो सुखदुःखका कुरा र मनका व्यथाहरू भन्न लागिरहेकी छु ।”

राधिकाले उसको मुखमा हेरिरही । रजनी भन्दै गई – “ती दिनहरूमा कति रमाइलो थियो हगि ? उत्साह र जाँगर धेरै थियो । रविले विवाह गर्न हत्ते गरेको थियो, मानिनँ । ऊ अहिले ठूलो ठेकेदार भएको छ ।”

राधिकाले झट्ट सोधी – “को रवि ?”

“तैँले पनि चिन्नुपर्ने । हामीले सँगसँगै पढेका त हौँ नि !”

राधिकाले भनी – “खै, याद भएन । अँ, भन् न अरू के भो !”

“सुन्छु, यतै गौशाला फाँटमा घर बनाएको छ रे ! कुनचाहिँ धनीकी छोरी विवाह गरेको रे ! लोग्नेलाई त रौँजति पनि नगन्ने खालकी छे रे ! होटल र क्लबतिर मात्र जान्छे रे ! इन्जिनियर भएर धन कमाए पनि पारिवारिक कलहले गर्दा निकै असन्तुष्ट र दुःखी छ रे बिचरा !”

“वाह ! अघि राँड जानिन, पछि राँड मानिन भनेझैँ के अर्काको कुरा गरिराखेकी ! भन् न आफ्ना कुराहरूचाहिँ !”

रजनीले भनी – “त्यसपछि पनि थुप्रै युवाहरूको प्रस्ताव आएको थियो । सुनेजानेसम्म सबै राम्रै पोस्टमा छन् । तर बाबुआमाको मायामा अन्धो बनेकी मैले शिक्षित नारी भएर पनि भविष्य विचार गर्न सकिनँ ।”

राधिकाले कुरा काट्दै भनी – “उसो भए तेरो पनि विवाह भएको छैन ?”

रजनीले गम्भीर भएर जवाफ दिई – "विवाह दुई वर्षअघि भयो । श्रीमान् रिटायर्ड न्यायाधीश हो । म आमा नभएर कान्छी आमा बन्न पुगेँ ।"

राधिकाले अचम्म मान्दै भनी – "यो उमेरमा विवाह ? विवाहै गर्ने भए अलि बेला छँदै पनि त गर्न सक्थिस् ! (लामो सास फेर्दै) अब यो उमेरमा आएर सायद ठीक गरिनस् ।"

रजनीले भनी – "राधिका ! जिन्दगी सोचेजस्तो कहाँ हुँदो रहेछ र ! आफ्नो सीप र कमाइले म पनि जिउन सक्थेँ । तर ... !"

"के तर ? भन् त !"

"समय र परिस्थितिले सिर्जना गरेको बाध्यता सम्झी राधिका ! जे भो, ठिकै भो ।"

"अनि तँ यो विवाहले खुसी छेस् त ? बुढो लोग्ने, आफू समानका छोराछोरी । डर लागेन तँलाई ?"

"लागेन राधिका ! समयले मेरो मुटु बलियो पारिदियो । जब मुमाबुबाको मृत्यु भयो, म भाउजू र बुहारीको आँखामा बोझ र समस्या बनेँ, जसले गर्दा दाजु र भाइका निम्ति पनि जटिल चिन्ता र अशान्तिको कारण बन्न पुगेँ ।"

यसो भन्दाभन्दै उसका आँखाहरू रसाएर आए । आँसुले भिजेको शब्दमा भनी – "उनीहरूको दिनदिनै बदलिने व्यवहार र व्यङ्ग्यात्मक शब्दले मलाई साह्रै बिझायो ।"

मनको भक्कानोलाई उसले ओठमा रोकेर सही ।

"रजनी ! तेरो जिन्दगीको उतारचढावलाई राम्ररी बुझ्न नसके पनि यो विवाह मजबुरी रहेछ भन्ने बुझेँ । तेरा बुबाआमा पनि बितिसकेछन्, दुःख लाग्यो । मृत्यु अनिवार्य हो । नरो रज्जु ! जिन्दगी समय र परिस्थितिको दास हो । जस्तो परे पनि सहनैपर्छ । बरू भन् त, श्रीमान् कस्तो छ ?"

आँसु पुछ्दै भनी रजनीले – "बेसै हुनुहुन्छ ।"

"तँसँगको व्यवहार कस्तो छ नि ? माया त गर्छ ?" – सोधी राधिकाले ।

"गर्छ नै भन्नुपर्‍यो । जन्मेदेखि एउटै थालमा खाएर एउटै काखमा हुर्केका दाजुभाइ त टाढा हुँदा रहेछन् भने अर्काको पति र बाबु भइसकेको व्यक्तिबाट म कस्तो आशा राखूँ ?"

"रजनी ! तँ कस्तो अनौठो-अनौठो कुरा गर्छेस् हँ ! के तँ विवाहबाट पनि सुखी र सन्तुष्ट छैनस् ?"

"सन्तोष नै मान्नुपर्दो रहेछ राधिका !"

"कसैको भरोसा नहुने भएपछि बेकारमा विवाह गरिएछ भन्ने लाग्दैन ?"

"आफ्नै रगत त दूषित हुँदो रहेछ भने पराई रगतको के भरोसा ? तर पनि जिउने क्रममा विवाह अनिवार्य रहेछ राधिका !"

रजनीका अनुभव र भावपूर्ण कुराहरू सुनेर राधिकाको मस्तिष्क र आँखावरिपरि उही बुढाबुढी बाबुआमा, उही शून्यपन र दाजुभाइको रुखो व्यवहार प्रतिबिम्बित हुन थाल्यो । ऊ आफ्नो सुख र दुःखका कुराहरू कसैसित पनि खुलेर व्यक्त गर्न सक्दिनथी, न त उसका इच्छा र भावनाको कदर गर्नेहरू नै कोही थिए । उसले गम्भीर भएर सोचिरही ।

रजनीले राधिकाको मौनता भङ्ग गर्दै भनी – "एउटा हितैषीको नाताले भन्छु अझै समय छ । तँसँग सबै कुरा छ, तर पनि जिन्दगीको गोरेटोमा सँगै हिँड्ने र सुखदुःखका तीतामीठा अनुभवहरू एक-अर्कामा बाँड्ने साथीको कमी छ । म त भन्छु हुन सक्छ भने तँ पनि बिहे गर् ।"

राधिकाले लामो सास लिँदै भनी – "सायद तँ ठिकै भन्दैछेस् । तर ... !'

"के तर ? यो कुनै नयाँ कुरा होइन । ढिलो-छिटो जे भने पनि छोरी पराईघरको नासो हो राधिका ! उमेर पुगेकी छोरी पराईघरकै शोभा बन्न सक्छे । नत्र ... !"

"नत्र के रजनी ?"

"नत्र आफन्तहरूकै माझ बोझ बनेर एक्लै जिउनुपर्ने बाध्यता हुन्छ ।"

दिक्क मान्दै भनी राधिकाले – "के गर्नु त रजनी, तँ आफैँ भन् न ! एक त उमेरै बितिसक्यो । भनेजस्तो जोडी पाइने पनि होइन । खै !"

यसैबीचमा जिज्ञासा राखी रजनीले – "एउटा कुरा सोध्छु, नढाँटी भन् है ।"

राधाले भनी – "सोध् न !"

"यति लामो अन्तरालमा तिमीहरूको कहीँ-कतै भेट त भयो होला नि ! कि भएन ? नभए पनि उसका बारेमा केही जानकारी त होला नि अहिले कहाँ के गर्दैछ भन्ने कुरा ।"

यो प्रश्नसँगै राधिकाको मुहारमा एक प्रकारको चमक देखियो । फिस्स मुस्कुराउँदै भनी – "दुई महिनाअघि मात्र एकजना नातेदारको भोज (पार्टी) मा भेट भएको थियो ।"

उत्सुक हुँदै सोधी रजनीले – "खुब गफ भयो होला नि ?"

"कहाँ गफ हुनु ! चिनजानसम्म गरियो । मैले त झन्डै चिनिनँ उसलाई ! उसको बोलीबाट चिनेछु ।"

"फोन नम्बर लिइस् त ?"

"कहाँ ! राम्रोसँग कुरै हुन पाएन नि त्यो भीडमा ! उसको एकजना साथीले जबर्जस्ती लिएर गयो । त्यसपछि भेटै भएन । राधिका ! त्यही सानो भेटमा पनि धेरै खुसी लाग्यो ।"

रजनीले भनी – "बिचरा ! पुरानो घाउ बल्झाइदिएछ मात्र । कमसेकम एकछिन भए पनि गफगाफ गर्न पाएको भए वेश हुने थियो नि, होइन र ?"

मुख अँध्यारो पार्दै राधिकाले भनी – "पोहोर आषाढतिर एक्सिडेन्टमा परेर बल्लतल्ल ज्यान बच्यो भन्दै निधारमा लागेको ठूलो खत देखाएको थियो ।"

रजनीले दुःख व्यक्त गर्दै भनी – "बिचरा ! धन्न बचेछ नि !"

हातको घडी हेर्दै रजनीले भनी – "ए, उठ् जाऊँ । यहीँ १० बजिसकेछ । मन्दिरमा पुगेर घर फर्कदा १२ बज्छ होला । बरू आइज न उतातिर । कस्तरी टाढा भएकी हौ !"

राधिकाले उठ्दै भनी – "तँ आउँदा पनि त हुन्छ नि ! आवतजावत भए त मायामोह हुन्छ । हेर त झन्डै नचिनेकी, कस्तो अचम्म हगि ! जे होस्, पशुपतिनाथको कृपाले पुनः भेट भयो, खुसी छु । (हिँड्दै) ए, घर त सोध्नै बिर्सेछु । कता पर्छ ?"

"चाबहिल ।"

"फोन नं. छ ?"

"छ ।" फोन नम्बर दिन्छे ।

"ल, म फोन गरेर आउँला नि है ?"

तल ब्रह्मनाल हुँदै कलिको दर्शन गरेर मन्दिर छिर्ने उद्देश्यले दुवै बागमतीको किनारको बाटो आइरहेका थिए । २-३ ठाउँमा जलिरहेको चिताको धूवाँको वातावरण एकदम वीभत्स र उराठलाग्दो थियो । मलामीहरू यताउता थुप्रेर बसेका अनि नातेदारहरू विक्षिप्त परिवारलाई सहानुभूति देखाउँदै सम्झाइरहेका थिए ।

त्यही छेउको चितामाथि एउटा अधबैंसेको लास थियो । त्यसलाई एक बृद्ध पिता रुँदै-रुँदै दागबत्ती दिन लाग्दा बेहोस भई लडे । आफन्तहरूले उनलाई उठाएर अलिक पर लागेर सान्त्वना दिँदै

सम्झाउन थाले । वरिपरि बसेर बुढीआमा र आफन्तहरू रोइरहेकै थिए । ती बृद्ध पिताको हृदयविदारक घटनाले राधिकालाई पनि मन थाम्न गाह्रो भो । आँसु पुछ्दै लासलाई हेर्न पुगी । एक्कासि उसको मुखबाट चिच्याहट निस्कियो – "आम्मै नि !"

राधिकाको शरीर शिथिल भो ! आँखा छोप्दै थचक्क बसी भुइँमा ऊ । रजनीले हत्तपत्त उसलाई आफ्नो हातको सहारा दिँदै कराउन र बोलाउन लागी – "राधिका ! के भो तँलाई ? ए, आँखा खोल् त राधिका !"

राधिकाले आँखा खोल्ने कोसिस गर्दै भनी – "रजनी ! मैले आफ्नो मान्छे भेटेँ । मेरो रत्न भेटेँ, महारत्न भेटेँ । सायद अब म घर फर्कन्नँ रजनी !"

राधिकाका हातहरू लत्रिए । रजनीले चिच्याउँदै बोलाई – "राधिका ! राधिका ! के गर्न खोजेकी ? तेरो घरमा ती बुढाबुढी बाबुआमालाई म के जवाफ दिऊँ ? आफूलाई सम्हाल् राधिका ! होसमा आइज, होसमा ।"

यस्तैमा राधिकाको ओठ थरथरायो अनि कम्पित स्वरमा भनी – "रजनी ! बाआमालाई राधा रत्नसँग गई भनिदे ।"

●

# प्रतिमा

बालमन्दिरमा हुर्केकी एउटी अनाथ बालिका त्यही स्कुलमा पढ्थी । पढ्नमा ऊ ज्यादै मिहिनेती र लगनशील थिई । स्वभावमा गम्भीर अनि रूपमा सुन्दरी पनि थिई । ऊ आफ्ना धाई र गुरुहरूको आदर गर्दथी भने साथीहरू र आफूमुनिका भाइबहिनीलाई सधैँ माया गर्दथी । उसलाई सबैले मन पराउँथे । कारण ऊ नाच्न-गाउन पनि सिपालु थिई । फुर्सदको समयमा कहिले भान्सामा सघाउन पुग्थी त कहिले बगैँचाको रेखदेखमा ।

समय बित्दै गयो । ऊ ठूली भई अनि एसएलसी परीक्षामा पहिलो पनि भई । स्कुलका परिवार, धाई र उसका साथीहरू सबै खुसी थिए उसको सफलतामा । उसको लगनशीलता, मिहिनेत र हौसला खेर नजाओस् भनेर उसलाई त्यही बालमन्दिरमा शिक्षिकाको स्थान दिइयो । फलस्वरूप ऊ आत्मनिर्भर भई अघि बढ्न थाली । उसको नाम थियो प्रतिमा ।

ऊ बिहान क्याम्पस जान्थी र दिनमा आफू हुर्केको मन्दिरमा रहेर बच्चाहरूलाई पढाउँथी । फुर्सदको बेला आफूसरहका साथीहरूसँग ज्ञान, विज्ञान र आफ्नो भविष्यबारे छलफल गरेर बिताउँथी । कहिलेकाहीँ भने आफ्ना बाबुआमा र परिवारको अभावमा अनाथ र असहाय भई बितिरहेको जीवन र आफ्नो दुर्भाग्य सम्झेर खुब रुन्थी बिचरी । तैपनि बाँच्न मजबुर थिई जिन्दगीको महत्त्व बुझेझैँ गरेर । आफूजस्तै थुप्रै साथीहरू र भाइबहिनीहरूलाई हेरेर चित्त बुझाउँथी उनीहरूलाई नै आफ्नो परिवार ठानेर ।

समय बित्दै गयो । ऊभित्र पनि जवानीको बिस्तारै लहर फैलिन थाल्यो । यस्तैमा एक दिन त्यस स्कुलमा सङ्गीतको शिक्षकका रूपमा एउटा सुन्दर ठिटो नियुक्त भयो । उसको नाम थियो पारस ।

पारस हेर्दा राम्रो र लायक थियो । उसको स्वरमा जादु नै थियो । त्यहाँका शिक्षक-कर्मचारीहरूसँग उसको परिचयको आदानप्रदान भयो । पहिलो परिचयमा नै पारस र प्रतिमाका बीच विशेष नौलोपनको आभास भयो । पारसप्रति बढेको आकर्षणले प्रतिमाको मन केही प्रफुल्ल र रोमाञ्चित भयो । उसमा उत्साह र जाँगर बढ्न थाल्यो । मनमा हलचल भए तापनि ऊ गम्भीर थिई । थुप्रै-थुप्रै सवाल बोकेका उसका आँखाहरू पारसको आँखामा बसेका थिए । दुवै मौन भएर एक-अर्काको आँखामा आफूलाई खोज्न थाले ।

एक दिन प्रतिमा क्याम्पसबाट घर फर्कन लाग्दा सडकमा मोटरसाइकलको सानो गल्तीले गर्दा दुर्घटनामा पर्न गई । मोटरसाइकल चालक दौडिहाल्यो । एक हप्ताजति अस्पतालमा बस्नुपर्ने भयो । डाक्टरले उसका आफन्तलाई खबर गर्ने सम्बन्धमा प्रश्न गर्दा उसले आफू एक्लै पढ्न बसेकी हुँदा यहाँ कोही पनि नभएको भनी ढाँटिदिई ।

यता डेरामा भने सँगै बस्ने एक मात्र साथी प्रतिमा साँझसम्म डेरामा नफर्केकीले दुर्गा ज्यादै चिन्तित भई । ऊ बारम्बार कोठाको झ्यालबाट सडकमा हेर्न थाली । मनमनै सोची – 'कतै कसैसँग त गइन ? उमेर पुगेकी मोरीको के भरोसा !' फेरि मनमनै आफैँलाई सम्झाउँथी – 'होइन, त्यो त्यस्ती छैन । आजसम्म मलाई त्यसले केही कुरा लुकाइन । कतै जाने भए वा कोही केटा भए त्यसले अवश्य भन्ने थिई ।'

रात जति बढ्दै गयो, दुर्गा उति नै चिन्तित हुँदै आफ्नै मनसँग भन्न थाली – 'कतै त्यसलाई कुनै आपत्ति पो आइलाग्यो कि ! खोजूँ भने कहाँ खोजूँ ! हे भगवान् !'

ऊ छटपटाउन थाली । दुर्गाको छटपटीमा ३ दिन बित्यो, तर प्रतिमा फर्किन । तेस्रो दिनको साँझमा प्रतिमासँगै पढ्ने एउटी सहपाठीले दुर्गालाई प्रतिमाले अस्पताल बस्नुपरेको कुरा बताइदिई ।

प्रतिमा स्कुल नआएकी पूरै ३ दिन भयो विना कुनै सूचना । उसको पिरियडमा बच्चाहरू गुरुआमा नआएको बारे प्रश्न गर्थे भने पारस प्रतिमा आउने बाटो हेरी प्रतीक्षाको घडी बिताउँथ्यो । अचानक प्रतिमा गायब भएकोमा पारस भित्रभित्रै निकै छटपटाउन थालेको थियो । पहिलो दिन नै निकै रमाइलो र आनन्द अनुभव भएको बालमन्दिर पारसका लागि कोलाहलमय र निरस प्रतीत हुँदै गएको थियो ।

चौथो दिन पारसले बालमन्दिरको पालेद्वारा प्रतिमाको डेरा पत्ता लगायो । सँगै बस्ने साथी अस्पताल जानका लागि कोठामा ताल्चा मार्दै थिई । अपरिचित केटो आउनुको कारण सोधी । पारसले प्रतिमाको हालखबर बुझ्न खोज्यो । जवाफमा ऊ मोटरसाइकल दुर्घटनामा परेर ४ दिनदेखि अस्पताल भर्ना भएको कुरा बताइदिएपछि त्यस जानकारीले पारस स्तब्ध भयो, साथै दुःखित पनि भयो । यस्तैमा दुर्गाले पुनः प्रश्न गरी – "के तपाईं प्रतिमालाई चिन्नुहुन्छ ?"

उसले जवाफमा भन्यो – "राम्ररी चिन्दछु । ऊ र म एउटै स्कुलमा काम गर्छौं । ऊ बालमन्दिरमा उपस्थित हुन नसकेको कारण कसैलाई पनि थाहा छैन । त्यसैले बुझौँ भनेर नै आएथैँ ।"

दुर्गाले भनी – "ए, उसो भए तपाईं पनि जाने कि ? जाने भए जाऊँ, म त हिँड्नै आँटेकी ।"

पारस पनि दुर्गासँगै अस्पतालतर्फ लाग्यो । वातावरण मौन थियो । दुवै अस्पतालमा पुगे । भर्खरै प्रतिमाको घाउमा ड्रेसिङ गरेर निस्कँदै गरेका डाक्टरलाई दुर्गाले घाउको स्थितिबारे सोधी । उसले भन्यो – "खास नराम्रो छैन । २-४ दिनपछि डिस्चार्ज हुन्छिन् ।"

दुर्गाका साथमा पारसलाई देखेर प्रतिमा छक्क परी । छोटो परिचयको साथी पारस अचानक आफूलाई खोज्दै अस्पतालसम्म आएको देखेर प्रतिमा आश्चर्यमा परेर हेर्न थाली । मौनता भङ्ग गर्दै दुर्गाले सोधी – "अहिले कस्तो छ ?"

प्रतिमाको जवाफ थियो – "ठिकै छु ।"

दुर्गाले फेरि अरू प्रश्न थपी – "यस्तो हुँदा पनि किन खबर नगरेकी ? कसरी यस्तो भो ? आफूलाई भने कति पीर भो !"

प्रतिमाले ओठमा थोरै मुस्कान छर्दै खिन्न भएर जवाफ दिई – "जसको संसारमा कोही छैन, उसले यो दुःखको खबर कसलाई पठाउने र ? आफूभित्रको दुःखले अरूलाई किन दुःख दिने भनेर खबर नगरेकी । आखिर साथीहरूले अस्पताल ल्याएर दुःखीको आयु फेरि थपिदिएछन् ।"

दुर्गाले रिसाउँदै भनी – 'तैँले मात्र बुझेकी छेस् र यस्ता कुराहरू ? जहिले पनि यस्तै जवाफ दिन्छेस् । भैगो, म पनि जान्छु । सायद आएर तेरो दुःख बढाउने गल्ती गरेँ हुँला ।"

ऊ उठ्न खोज्छे । प्रतिमा झट्ट हात समात्दै भन्छे – "नरिसा न दुर्गा ! मेरो आफ्नो भन्नु नै तँसिवाय को छ र !"

ऊ पारसतर्फ हेरेर उसलाई पनि बस्नका लागि आग्रह गर्छे । पारस गम्भीर भएर सोध्छ – "अहिले कस्तो छ तपाईंलाई ? चोट धेरै छ कि ?"

जवाफमा भन्छे – "खुट्टाको चोट त निको हुँदैछ, तर ... ।"

आँखा झुकाउँछे । सोझो पारसले 'तर' को मतलब बुझ्न सकेन र पुनः प्रश्न दोहो-यायो – "अन्त पनि चोट लागेको छ कि ?"

उत्तरमा प्रतिमाले पारसको अनुहारमा पुलुक्क हेरेर शिर निहुराई ।

प्रतिमा ४ दिनदेखि स्कुल नआउनुको कारण पारसबाट सबैलाई थाहा भयो । स्कुलका स्टाफ सबै हेर्न गए र शीघ्र स्वास्थ्यलाभको कामना गरी फर्किए ।

दुई हप्ता पूरा भएपछि प्रतिमा विद्यालयमा हाजिर भई । साथी र विद्यार्थीहरू सबै खुसी भए ।

आज स्कुलको जन्मोत्सव । साँझ सांस्कृतिक कार्यक्रम भयो । बालनृत्य, लोकनृत्य आदि देखाइयो । अन्त्यमा पारसको एकल गीतको प्रस्तुति थियो । गीतको भावार्थ यस्तो थियो –

एक्लो जीवनले साथी पाएको
निरस मनमा बहार छाएको
हाँसो र आँसु पिएर बाँच्ने
सुख र दुःख सहेर हाँस्ने
मायामा फुल्ने, मायामा भुल्ने ।

गीतमा यस्तै-यस्तै प्रीतिका शब्दहरू थिए ।

दिन बित्दै गयो । पारस र प्रतिमाको सम्बन्ध पनि मजबुत बन्दै गयो । यस्तैमा प्रतिमाले बीए पास गरी । कोही सहारा नभए पनि आफ्नो मिहिनेत र परिश्रमका कारण आफ्नो खुट्टामा उठ्न सक्ने भई । त्यसपछि पारसकै प्रेरणा पाएर लोकसेवा आयोगको परीक्षामा उत्तीर्ण भई । भाग्य राम्रै रहेछ । भन्सार कार्यालयको सेक्सन अफिसर (शाखा अधिकृत) को पदमा नियुक्ति पाई ।

यता बालमन्दिरबाट बिदा हुने बेला आयो । उसका धाई, स्टाफ, साथीहरू र विद्यार्थीहरू निकै दुःखित भए । बारम्बार आउँदै गर्नका लागि सबैबाट आग्रह गरियो । प्रतिमाका लागि त्यो बालमन्दिर ज्यादै प्यारो र महत्त्वपूर्ण थियो । त्यसैको न्यानो काखमा आश्रय पाएर हुर्केकी ऊ आज यत्री र यस्ती भएकी थिई । उसले आँसु खसाउँदै आफ्नो प्यारो बालमन्दिरसँग हात जोडेर बिदा लिई ।

प्रतिमाको अनुपस्थितिमा पारसका दिनहरू भारी भएर बित्न थाले । उसका उत्साह र जाँगरहरू सेलाउँदै गए । उता प्रतिमाको हालत पनि उस्तै थियो । ऊ ज्यादै खिन्न र निराश थिई । तर पनि मान्छे भएर बाँच्ने उद्देश्य र जिउनुको सार्थकतालाई अवलम्बन गर्दै अघि बढ्थी । ती दुई प्राणी आ-आफ्नो काम सकेर फर्कदा भेट्ने समय मिल्दैनथ्यो । त्यसैले कमै समयसम्म मात्र भेट्ने गर्थे, त्यो पनि अनुकूल समय मिलाएर ।

सुन्दरी प्रतिमाप्रति राम्रा-नराम्रा सबैको दृष्टि पर्नु स्वाभाविकै थियो । तर ऊ कसैको पर्वाह गर्दिनथी । तर पनि आइमाई मान्छेलाई एक्लै रहेर इज्जत जोगाउन निकै गाह्रो थियो । दुष्टहरूको नजर नपरेको पनि होइन । घरधनी असल भएकाले उसले राम्रै सुरक्षा पाएकी थिई । घरधनीकी छोरी रीतासँग राम्रो मित्रता हुँदा ऊ घरको परिवारसरह नै थिई ।

प्रतिमाले भन्सारमा काम गर्न थालेको झन्डै १ वर्ष भयो । यो अवधिमा पारस र प्रतिमा दुवैका लागि बेग्लाबेग्लै स्थानमा काम गर्नुपरेकाले दुवैले निरस र बोझिलो जीवनको अनुभव गरे । यो दूरीलाई मेट्ने एउटै मात्र उपाय थियो वैवाहिक सम्बन्ध जोड्नु । अतः पारसले विवाहको प्रस्ताव राख्यो र प्रतिमाले मञ्जुर गरी, तर पारसको परिवारले स्वीकार गर्नुपर्छ भन्ने सर्त पनि राखी । पारसलाई प्रतिमाका विषयमा सबै कुरा थाहा थियो । ऊ आफ्नो स्वार्थका लागि झूटो बोलेर परिवारलाई धोका दिन चाहँदैनथ्यो । अतः उसले प्रतिमाको सबै कुरा र समस्याहरू आफ्नो परिवारसमक्ष राख्यो र प्रतिमालाई आफ्नो घरकी कुलबधूका रूपमा भित्र्याउन आग्रह पनि गऱ्यो । तर उसका बाबुआमाले पूर्ण रूपले इन्कार गरिदिए । पारसले आमालाई धेरै सम्झायो, रोयो, बिन्ती गऱ्यो, साथै प्रतिमाविना बाँच्न नसक्ने प्रण पनि सुनायो । आमा आफ्नो सन्तानको सुखका खातिर समर्पित हुन सक्छे । तर रुढीवादी विचार नगएका, घमन्डी र अर्काका छोरीचेलीलाई आफ्नोसरह देख्न नसक्ने स्वार्थी परिवारका मान्छेहरू यस्तो कुरा बुझ्न सक्दैनन् र बुझ्न चाहँदैनन् पनि । त्यो घरमा पनि यस्तै भयो ।

तर मानिस भएर मानिसलाई चिनेको र प्रेमको परिभाषा पनि राम्ररी बुझेको पारसले परिवारको कटु व्यवहारको पर्वाह नगरी प्रतिमासँग मन्दिरमा गएर सुटुक्क विवाह गर्ने निर्णय गऱ्यो । प्रतिमा पारसको निर्णयसँग डराई । उसले आफू कसैको प्रेम वा पापको फल बनेर आजसम्म असहाय र अनाथ भई बालमन्दिरमा पालिनुपरेको र समाजबाट तिरस्कृत भई फालिनुपरेको कुरा सम्झी । आफूबाट पनि

असहाय र अभागीको बृद्धि हुन सक्ने वीभत्स कल्पनाले ऊ उत्तेजित भई र भनिदिई – "हुन्न-हुन्न । मबाट यो हुन सक्दैन । पारस ! तिमी फर्केर जाऊ । प्लिज, मलाई मेरो संसारमा एक्लै बाँच्न देऊ ।"

ऊ दुवै हातले मुख छोपेर रोई । पारसले जिल्ल पर्दै भन्यो – "किन प्रतिमा ? तिमी मलाई विश्वास गर्दिनौ ? म तिम्रा लागि जेसुकै गर्न र भोग्न पनि तयार छु ।"

प्रतिमाले जवाफ दिई – "तिमीप्रति मेरो पूर्ण विश्वास छ । तर पनि समय र परिस्थिति देख्दा मलाई ज्यादै डर लाग्छ । पारस ! समाजसँग मलाई ज्यादै डर लाग्छ । बिन्ती, मलाई छाडिदेऊ ।"

ऊ पारसको हात समाएर रोई । पारसले ढाडस दिँदै निधारमा छरिएका केशराशीहरू पन्छाएर आँसु पुछिदिँदै दृढ शब्दमा प्रतिज्ञा गर्‍यो – "प्रतिमा ! आजदेखि तिम्रो हरेक सुखदु:ख मेरो भयो । तिमी मेरो आँखाको नानी र मुटुको स्पन्दन भएर बाँच्नेछ्यौ । शङ्का नमान । जिन्दगीभरि तिमीसँग मेरो देह र छायाको सम्बन्ध रहनेछ ।"

यति भनी शक्ति र सहाराका रूपमा प्रतिमाले पूजा गर्ने गरेकी दुर्गा माताको टीका झिकेर पारसले प्रतिमाको सिउँदो सिँगारिदियो । अनि दुवै प्रेमी-प्रेमिका कहिल्यै नछुट्टिने गरी एक-अर्काको बाहुपासमा आबद्ध भई एक भए ।

उता पारसका बाबुआमा भने छोरो रातभर घर नफर्केको कारण आज घरमा भएको कुराले गर्दा कहीँ त्यही केटीसँग त गएन भन्ने आशङ्काले रातभरि छटपटाइरहे । भोलिपल्ट पनि पारस फर्केन । एक हप्ता बित्यो, अझ पारस फर्केन । अब भने बाबुआमाको धैर्यको बाँध टुट्न थाल्यो । पारसका भाइ र मामा आफ्ना नातेदार र छिमेकीले थाहा नपाउने हिसाबले उसको खोजीमा लागिरहे । कसैले त्यो बेवारिसे केटीसँग पारस हराएको थाहा पाए उनीहरूले ज्यादै अपमान र बेइज्जतीको सामना गर्नुपर्नेछ भन्ने उनीहरूको मनमा थियो । हप्ता दिनसम्म पनि छोरो घर नफर्केको कारणले गर्दा पारसकी आमा आफ्ना श्रीमान्‌लाई 'तपाईंको जिद्धी स्वभावको फल'

भनेर बारम्बार कराउने र रुने गर्न थाली । अब छोरोलाई उसकै इच्छाअनुसार विवाह गर्न दिने कुरामा उसले आफ्नो पतिसमक्ष दृढ कुरा गरी । कहिल्यै नरिसाउने र वचन नलाउने सहनशील श्रीमतीमा पारस हराएपछि अचानक आएको परिवर्तन देखेर श्रीमान् केही भन्न वा बोल्न सकिरहेको थिएन । घरमा पूरै सन्नाटा छाएको थियो ।

यस्तैमा आठौँ दिनको बिहान तरकारी किनेर डेरातिर फर्कंदै गरेको पारसलाई उसको मामाले भेट्यो । मामाले उसलाई घर फर्कन धेरै सम्झायो । तर ऊ जान मानेन । अन्तमा मामाले जाल रचेर उसको पीरले आमा ओछ्यान परेकी र विष पिउन लाग्दा बाबुद्वारा समातिएर ज्यान बचेको आदि कुरा बतायो । आमाको अवस्थाको खबर सुनेर पारस ज्यादै मर्माहत भयो । उसले यसभन्दा बढी सुन्न सकेन । अनि केही क्षण मूर्तिवत भएर उभियो । यस्तो खबरले मर्माहत हुँदै पारसले आफैँलाई धिक्कार्‍यो । हातको सामान अनायास भुइँमा खस्यो । ऊ अधीर भएर छिटो-छिटो घरतिर लम्कियो आमाको अनुहार हेर्न र क्षमायाचना गर्नका निम्ति । उसको मनमा द्वन्द्व थियो प्रेम र कर्तव्यको । घरमा गएर बाबुआमासँग के भन्ने ? यता प्रतिमा पनि बाटो हेरिरहली आदि-आदि । यसरी हिँड्दाहिँड्दै घरको आँगनमा पुगेको पारसलाई एक्कासि एक ट्याक्सीले ठक्कर दियो । उसको मुखबाट एउटा दर्दनाक चीत्कार निस्कियो – “आमा !”

मामाले दौडेर पारसलाई समात्यो । सडकमा केको हल्ला भनेर हेर्दा आफ्नै छोरो रगतमा लतपत भएर मूर्च्छा परी लडेको देखेपछि बाबुआमा दुवै आत्तिँदै आए र बेहोस छोरालाई अँगालो हालेर रुन-कराउन थाले । हतारहतार सबैजना भई पारसलाई एम्बुलेन्समा राखेर अस्पतालतिर लगे । लाँदालाँदै बीचैमा बिरामी आमा हेर्न आएको पारसका उत्सुक आँखाहरू र क्षमायाचनाका निम्ति खुलेका ओठहरू सदाका लागि बन्द भए । आफ्नो जिद्दी र असमझदारीका कारणले गर्दा छोरो गुमाउनुपरेकोमा बाबुआमा छाती पिटी-पिटी एम्बुलन्समा नै रुन-कराउन थाले ।

उता प्रतिमा भने सामान किन्न गएको पारसले किन अबेर गऱ्यो भनी बारम्बार कोठाको झ्यालमा बसेर हेर्न थाली । साँझ टऱ्यो, रात पऱ्यो, अझ पारस आएन । कतै साथीसँग भुलेर बस्यो कि भनेर आफैँ नजिकको पसलमा गएर सामान खरिद गरी भान्सा तयार गर्न थाली । तर आश्चर्य ! पारस त रातको २-३ बज्दा पनि फर्केन । जतिजति रातको गहिराइ बढ्थ्यो, प्रतिमाको मनमा भय, चिन्ता र शङ्का उत्तिकै बढ्न थाल्यो । ऊ आत्तिन थाली । बारम्बार झ्यालमा बसेर ऊ सुनसान सडकमा नजर पुऱ्याउँथी त कहिले रुन्थी । यो के हुन आँट्यो भनी अतालिन्थी ।

उज्यालो भयो बाहिर, तर प्रतिमाभित्र भने अन्धकार बढ्न थाल्यो । दिनभरि उसको प्रतीक्षामा उसले बाटो, सडक र गल्लीभरि बेचैन भएर आँखा डुलाइरही । तर पारस देखापरेन । पारसप्रति उसमा एक प्रकारको शङ्का र घृणा उब्जन थाल्यो । पारसको प्रेममाथिको विश्वास उठ्न थाल्यो । पारसले आफ्नो चाहना पूरा गर्नका लागि आफूमाथि प्रेमको झूटो बहाना बनाई आफूलाई बर्बाद पारेर गएको उसले सम्झी । रिस र घृणाले गर्दा ऊभित्रको नारीत्वले कालीको रूप लिन थाल्यो । ऊ अब म के गरूँ भन्दै छटपटाउन थाली । उसलाई पारसको घर पनि थाहा थिएन, त्यसैले कसको माध्यमद्वारा पारसको खबर बुझ्ने भनेर प्रतिमाभित्र विभिन्न विचार र भावनाको द्वन्द्व मच्चियो ।

'ऊ यस्तो मान्छे होइन । उसलाई कुनै बाध्यता आयो होला । जे होस्, ऊ पक्का आउँछ । मैले उसको प्रेममाथि शङ्का गरेँ भने मलाई पाप लाग्नेछ । ऊ कति महान् छ ! मेरा लागि उसले सबै सुख-सुविधा र बाबुआमासमेत छाडिदिएको छ । बरू उसलाई के भयो, मैले खोज्नुपर्छ ।' – मनले यस्तो पनि भन्यो ।

तर तेस्रो दिन पनि धेरै कल्पना र पर्खाइमै बित्यो । चौथो दिन प्रतिमा दिक्क भएर आफ्नो कार्यालयतिर लागी । टेबलमा रहेको 'गोरखापत्र' हेर्न लाग्दा उसका आँखाहरू श्रद्धाञ्जलीमा छापेको

हँसिलो फोटोमाथि पर्न गयो, जुन फोटो उसको प्यारो व्यक्ति पारसको थियो । उसलाई विश्वास भएन । पटकपटक हेरी र पढी । वास्तवमा त्यो सत्य थियो । उसलाई गर्मीको महसुस भयो । चारैतिर अन्धकारले छायो । शरीरमा सबै रगत सुकेझैँ भयो । ऊ सम्हालिन खोज्दाखोज्दै बेहोस भएर लड्न पुगी । प्रतिमाको अवस्थाबारे अफिसमा खैलाबैला भयो । सबै भएर उसलाई होसमा ल्याउने प्रयास भयो । होसमा आएपछि बेहोस हुनुको कारण सबैले प्रश्न गरे । तर जिन्दगीको पहिलो सहाराका रूपमा पाएको पारसको दुःखान्त वियोगले पछारिएकी प्रतिमा आँखाभरि आँसु लिएर मौन रही । उसमा असह्य पीडा थियो । उसको एक्लो र असहाय जीवनमा सहाराका रूपमा आएको देवदूत पारसले उसलाई केवल भयानक दुःख, पीर र बिछोडको असह्य भुमरीमा पछारिदिएको थियो । ऊ कसैलाई केही भन्न सक्दिनथी । संसारमा एक्ली थिई, एक्ली भई । उसको अवस्था देखेर साथीहरूले स्वास्थ्य चेकअप गराउने सल्लाह दिए । उसको वास्तविक व्यथा अरू कसैलाई थाहा भएन । ऊ आफैँभित्र जल्दै, गल्दै, मर्दै थिई । उसमा अचानक आएको परिवर्तनमा सबै मुखामुख गर्न थाले । अन्तमा एउटी कर्मचारी साथीले उसलाई आरामका लागि डेरासम्म पुऱ्याइदिई । डेरामा पुग्नासाथ ऊ पुनः बेहोस भई । घरधनीकी छोरी रीता र सँगै आएकी साथी भएर हतारहतार बेडमा सुताए । रीताले साथीसँग सोधी – "कसरी यस्तो भो ?"

उसले जवाफ दिई – "खै, अफिसमा पनि यस्तै भएर पुऱ्याउन आएकी म । सबैले सोध्यौँ, केही जवाफ दिइन । अहिले फेरि यस्तो भयो ।"

"यस्तो त खतरनाक हुन्छ नि ! बरू छिटो गरेर अस्पताल लगौँ, हुन्न ?"

रीताले ट्याक्सी बोलाएर प्रतिमालाई अस्पताल पुऱ्याई । उसलाई आपतकालीन कक्षमा राखियो । डाक्टरको प्रयासले प्रतिमाको होस त खुल्यो, तर आँखा खुलेन । उसका बन्द आँखाबाट सहस्र धारा

आँसु बग्न थाल्यो । उसका पातला ओठहरू बारम्बार पारसको नाम लिएर काँपिरहेका थिए ।

पारसको नाम सुनेर डाक्टर झस्कियो । डाक्टरले 'पारस भनेको को हो ?' भनेर सोध्यो । रीताले पारस र प्रतिमाको सम्बन्धबारे र उसको जीवनी सबै बताइदिई । चार दिनदेखि पारस डेरा नफर्केका कारणले यस्तो भएको हो कि भन्ने शङ्का पनि प्रस्तुत गरिदिई । डाक्टर अवाक भएर बिरामीलाई हेर्न थाल्यो । ऊ भने एकनास कराइरहेकी थिई – "पारस ! यो हुनै सक्दैन । म तिमीविना बाँच्न सक्दिनँ । म अनाथको सहारा बनेर आएका तिमी मेरो भगवान् हौ । बिन्ती पारस, तिमी जहाँ छौ, आऊ ।"

वास्तवमा पारस डाक्टरको आफ्नै साथी थियो । डाक्टरको नाम अविनाश थियो । उसले पारसलाई ४ दिनअघि मात्र सदाका लागि बिदा गरिसकेको थियो । अब उसैकी प्रेमिका बारम्बार पारसको सहारा खोजिरहेको थिई । डाक्टरलाई ज्यादै अप्ठेरो भयो । प्रतिमाको एक्लो जिन्दगी र वर्तमान देखेर डा. अविनाशलाई ऊप्रति दया लागेर आयो । प्रतिमाको अनुहारमा उसले २ वर्षअघि मात्र मृत्युसँग पराजित भएकी आफ्नी प्रेमिकाको अनुहार देख्यो । डा. अविनाशले प्रतिमालाई केही दिन अस्पतालमा नै भर्ना गर्नुपर्ने समस्या बताएर सँगै आउने साथी र रीतालाई घर फर्काइदियो ।

आज अस्पताल भर्ना भएको ३ दिन भयो । तर प्रतिमाले दबाइपानी केही खान मानिनँ । स्वास्थ्य क्षीण र कमजोर हुँदै गयो । डा. अविनाशले उसलाई धेरै सम्झायो, बुझायो, रिसायो र फकायो पनि । तर पनि उसले आँखा र ओठ खोल्न इन्कार गरिरही । डाक्टरलाई प्रतिमाका सम्बन्धमा सबै कुरा बताइएको थियो । तर प्रतिमालाई भने डाक्टर पारसको साथी भएको कुरा थाहा थिएन । डाक्टरको धेरै अनुरोधपछि प्रतिमाले उद्देश्यहीन आँखाहरू खोलेर पुलुक्क डाक्टरको मुखमा हेरी । डा. अविनाश उसकै बेडमा बसेर उसलाई सान्त्वना दिँदै उसका छरिएका केशहरू पन्छाइरहेको थियो ।

उसको स्नेहपूर्ण व्यवहारले गर्दा प्रतिमाले पारसको प्रतिबिम्ब देखी डाक्टरको अनुहारमा । उसका मलीन आँखाहरू केही बेर डा. अविनाशको अनुहारमा रोकिए । अनि सम्हालिँदै नजर झुकाई । फेरि दुवै हत्केलाले मुख छोपेर रुन लागी र भनी – "डाक्टर साब ! मैले बाँच्नुभन्दा मर्नु नै वेश हुनेछ । बिन्ती, मलाई दबाइ होइन, विष दिनुहोस् । तपाईंलाई ठूलो पुण्य मिल्नेछ ।"

ऊ झन् रुन थाली । डाक्टरले ढाडस दिँदै सम्झायो – "प्रतिमा ! मान्छे भएर यसरी आत्तिनु हुँदैन । जन्मनु र मर्नु त अनिवार्य छ । ढिलो र छिटो न हो ! यसरी धैर्य गुमाउनु हुँदैन ।"

डाक्टरको धेरै अनुरोधपछि प्रतिमाले औषधि खाँदै दूध पिई ।

डाक्टरको रेखदेखमा र मायालु व्यवहारले गर्दा प्रतिमा कहिले दूध त कहिले फलफूल खाँदै डाक्टरको आशालाई जोगाउन थाली । प्रतिमाको स्वास्थ्यबारे डाक्टरले पनि विशेष ध्यान पुऱ्यायो ।

डा. अविनाशकी प्रेमिकाको अन्त्य भएपछि बुढी आमाले छोरालाई विवाह गर्नका लागि धेरै सम्झाएकी थिइन् । तर ऊ नबोलेर नै टारिदिन्थ्यो । आमा भने बुढेसकालमा आफ्नो छोरो र घरव्यवहार बुहारीलाई सुम्पेर आनन्दले मर्न चाहन्थी । छोरासँग भेट हुँदा सधैं भन्थी – "बाबु ! तँ डाक्टर होस् । सबै कुरो बुझ्छस् । घरमा मैले सधैं एक्लै बस्नुपर्छ । अब बुढी पनि भएँ । तँलाई मन परेकी केटी जोसुकैसँग विवाह गरे पनि यो घरको ढोका खुला छ । मबाट कुनै बाधा हुने छैन । बरू चाँडै यस घरमा लक्ष्मी भित्रिएको हेर्न चाहन्छु बाबु !"

डा. अविनाशको मन अर्कै खालको थियो । आफ्नी प्रेमिका मुनाको मृत्युसँगै विवाह गर्ने उसको इच्छा पनि मरेको थियो । तर मुनाको मृत्युपछि पहिलोपटक डा. अविनाशको मन अनायास त्यो अनाथ र असहाय प्रतिमाप्रति आकर्षित भएको थियो । उसको मनमा थुप्रै कुरा खेल्न थाल्यो । घरमा हुँदा मात्रै होइन, अस्पतालमै पनि ऊ प्रतिमाका विषयमा सोच्थ्यो ।

एक रात निकै बेर अस्पतालमा बसेर ऊ घर आयो । तर प्रतिमाका बारे ऊ ज्यादै चिन्तित थियो । राति निदाउन सकेन । आकाश जूनमा फुलेको थियो । चारैतिर सुनसान थियो । ऊ ओहोरदोहोर गर्दै कविता बोल्दै थियो –

रात धेरै बितिसकेछ तर निद्रा कहाँ हरायो
सुनसान धरतीमा फगत् म एक्लो कसैको सम्झनाले जगायो

यो तन आफ्नो, यो मन आफ्नो, भावना आफ्नै हो
तर यो दर्द र चाहना कसको, सम्झना कसको हो

थिएन आशा यो दिलमा फेरि मायाको फूल फुल्छ भनेर
थिएन विश्वास यो एक्लोपनमा कोही त आफ्नो हुन्छ भनेर ।

यसरी नै दिन बित्दै गयो । अस्पतालमा भर्ना भएको १०-१२ दिनपछि प्रतिमा पनि डाक्टरको अथक प्रयासले स्वस्थ बन्दै गई । डाक्टरको स्नेहपूर्ण व्यवहारले ऊ कहिलेकाहीँ सबै बिर्सिएर कल्पनामा हराउन थाली । ऊ एकान्तमा सोचिरहन्थी – साँच्चै, यो डाक्टर कति महान् छ मेरै पारसजस्तो । स्वभाव मिलेको छ यी दुईमा । आज मेरो पारस भएको भए यसलाई भेटेर साह्रै खुसी हुने थियो ।

यस्तो सोच्दासोच्दै उसको मन एकतमासले डा. अविनाशको सम्झनाले शिथिल भयो । ऊ निदाउन सकिन । उसको मनमस्तिष्क र आँखावरिपरि अविनाशको गम्भीर र उदास अनुहार प्रतिबिम्बित भइरह्यो । उसले बिस्तारै गुनगुनाई –

तिम्रो हेराइले मुट छोएछ, थाहै नपाई यो दिल दुखेछ
मेरो नयनमा तस्बिर बनेछौ, तिम्रो सम्झनामा आँसु बगेछ

न कुनै चिनजान थियो, न कतै देखेभेटेकी थिएँ
एकै नजरमा कसरी मेरो मुटुको धड्कन बनिदिएछौ

जब एक्लै हुन्छु मनलाई सोध्छु, हुने नसक्ने यो के भयो हँ ?
पूर्वजन्मको साथी थियौ कि, कसरी यो दिलमा दर्द बनेछौ ।

प्रतिमा बिरामी भएर आएको १५ दिन भयो । ऊ स्वस्थ भई । डाक्टरले 'उसलाई अब घर जान सक्नुहुन्छ' भनी बिदा दिए । डाक्टरको शब्दले ऊ झस्किई, किनकि बलियो सहारा गुमाएर पुनः एक्ली र असहाय भएकी प्रतिमा अब फेरि फर्केर त्यो कथैकथा र व्यथैव्यथा भएको डेरामा फर्केर जान चाहन्नथी । डाक्टरलाई सधैँ आफ्नो आँखाअगाडि देख्न चाहन्थी । त्यसैले ऊ अतीतका कहालीपूर्ण दिनहरू सम्झेर रुँदै डाक्टरसँग हात जोडेर भन्न लागी – "डाक्टर साब ! बिन्ती, मलाई यो मन्दिरबाट नपठाइदिनुहोस्, जहाँ मैले तपाईंजस्तो स्वच्छ र निःस्वार्थ भावना भएको भगवान्लाई पाउन सकेँ । जिन्दगीदेखि हतास र निराश भएकी म अभागीलाई पुनः एकपटक बाँच्ने मौका दिनुभयो । मलाई मर्नै दिनुभएको भए वेश हुन्थ्यो । अब म कहाँ जाऊँ !"

ऊ अझै रुन थाली । डाक्टरले उसलाई सम्झाउँदै भन्यो – "प्रतिमाजी ! तपाईं यो के भनिरहनुभएको छ ? मैले त आफ्नो कर्तव्य पूरा गर्नैपर्छ । तपाईंलाई स्वस्थ देख्न पाउँदा म खुसी छु । तर हर समय मर्छु भन्ने तपाईंको कुरा ठीक भएन । केही पाउनलाई मरेर होइन, बाँचेर सङ्घर्ष गर्नुपर्दछ । यो म तपाईंलाई स्मरण गराउँछु । यस्तो अशुभ कुरा गर्न बिलकुलै छाडिदिनुहोस् ।"

प्रतिमाले डाक्टरसित भनी – "मलाई बचाउन चाहनुहुन्छ भने र मैले बाँच्नैपर्छ भने म एक्लो र अनाथ जिन्दगी लिएर बाँच्न असमर्थ छु । अतः मलाई पनि सधैँ सेवाको भावना रहेको यो पवित्र मन्दिरमा स्वयंसेवकका रूपमा भए पनि ग्रहण गरिदिनुहोस्, जहाँ म जातिपाती र भेदभावको कटु आलोचनाबाट मुक्ति पाउन सकूँ । नत्र त म अनाथ र अबला नारी कहाँ जाऊँ डाक्टर साब, कहाँ जाऊँ !"

ऊ पुनः रोई ।

प्रतिमाको स्थिति र उसका मार्मिक शब्दहरूले डाक्टर एकछिन स्तब्ध भयो र पुनः सम्झाउँदै भन्यो – "ठीक छ । तपाईं अहिले डेरा फर्कन चाहनुहुन्न भने केही छैन । अरू २-४ दिन आरामको जरुरत

पनि छ । त्यसपछि विचार गरौंला । अहिले मसँग हिँड्नुहोस् । मेरी आमा पनि एक्ली हुनुहुन्छ । दुवैको मन बहलिनेछ ।”

डाक्टरको कुरा सुनेर प्रतिमा जिल्ल परी र जिज्ञासु भएर पुलुक्क हेरी । डाक्टरले भन्यो – “सङ्कोच मान्नुपर्दैन । जानका लागि गाडी तयार छ ।”

प्रतिमाले डाक्टरको कुरा काट्न सकिन र चुपचाप गाडी भित्र पसी । घर पुगेर डाक्टरले आमासँग परिचय गरायो । जवाफमा प्रतिमाले नमस्कार गरी । आमाले जिज्ञासु भएर छोरातिर हेरिन् । उसले जवाफमा ‘साथीकी बहिनी हो, ठाउँको प्रबन्ध नभएसम्म यहीँ बस्छे’ भन्यो । प्रतिमाले चुपचाप सुनिरही ।

छोरी नभएको घरमा प्रतिमाले त्यस दिनदेखि छोरीको स्थान पाई । जन्मैदेखि आमाको माया र वात्सल्यबाट वञ्चित अभागी प्रतिमाले डा. अविनाशकी आमाको न्यानो मायामा ज्यादै आनन्दको अनुभव गरी । उसलाई पहिलोपल्ट दिल खोलेर ‘आमा’ भन्न पाउँदा हर्ष र आनन्द लाग्यो । उसको नयनबाट हर्षको आँसु खस्यो । आमाले आँसु पुछिदिँदै भनिन् – “नानी ! किन रोयौ बा ? यहाँ तिमीलाई कुनै कुराको कमी हुने छैन । आफ्नै घर सम्झेर बस । केही परे मलाई भन । बरू तिमीलाई भोक लागेको होला, म चिया र नास्ता ल्याउँछु ।”

आमा भान्सातिर लागिन् । प्रतिमा पनि आँसु पुछी पछिपछि भान्सातिर लागी । चिया बसाल्न लागेकी आमाको हात समाउँदै प्रतिमाले भनी – “आमा ! म छउन्जेल अब तपाईंले केही गर्नुपर्दैन । बरू नजानेको कुरा सिकाइदिनुहोला तपाईंले केही ।”

प्रतिमा चुलो सम्हाल्न थाली । आमाचाहिँ जिन्दगीमा पहिलोपल्ट आफूलाई सघाउने वा पालो दिने मान्छे पाएर दङ्ग परी र मुसुमुसु हाँस्दै मेचमा बसी । प्रतिमाले चिया-नास्ता टेबलमा सजाई । धेरै वर्षपछि आमा आज ज्यादै खुसी भएकी थिइन् अरूको हातबाट बनेको चीज खान पाएकोमा । डा. अविनाशलाई पनि अर्कै किसिमको

आनन्द अनुभव भइरहेको थियो त्यो रमाइलो वातावरणमा । ऊ मनमा अनेक कुरा सोचिरहेको थियो ।

सधैँ शून्य र नरमाइलो लाग्ने घर निकै आकर्षक बन्यो डा. अविनाशका लागि । राति धेरै अबेरसम्म अस्पताल बसेर फर्कने डा. अविनाश समयमा नै घर फर्कन थाल्यो । प्रतिमा पनि अफिस जान थाली । यता आमा भने घरको वातावरण पूरै बदलिएकोमा दङ्ग थिइन् । उनलाई घरको कामकाजमा पूरै सहयोग मिलेको थियो । आमा खुसी थिइन् प्रतिमादेखि । उनी मनमनै सोच्न थालिन् – 'अविनाश र प्रतिमाले स्वीकार गरेमा यो जोडी साह्रै सुहाउने थियो । केटी वेश छे । शील-स्वभाव पनि राम्रो छ । मिहिनेती र जेहन्दार पनि छे । मलाई चाहिने बुहारी यस्तै हुनुपर्छ । अब त बुढेसकालले छोइसक्यो । कति यो झन्झट र पीरमा बसौँ ! यसो विचार गर्दा अविनाशले पनि मन पराएकै जस्तो लाग्छ । जसरी भए पनि यसैलाई यस घरको साँचो सुम्पिन पाए मलाई सन्तोष हुने थियो ।'

फेरि मनमनै सोच्छिन् – 'होइन, ऊ आएको पनि यतिका दिन भइसक्यो । साथीकी बहिनी भन्छ । तर उसका घरपरिवार कोही केही खबर पनि गर्दैनन् । यो कस्तो कुरा हो ! मैले त केही बुझिनँ । जे होस्, अविनाश घर आएपछि सबै कुरा राम्ररी सोध्नुपर्ला । हेरौँ ।'

यिनै विविध कल्पना गर्दै आमा भान्सातिर लागिन् र चियानास्ता तयार गर्न थालिन् छोरो र प्रतिमाका लागि । प्रतिमा कार्यालयबाट फर्केर लुगा फेरी भान्सातिर लागी । आमाले तयार गरिराखेको चियानास्ता खाँदै गर्दा प्रतिमाले प्यारसँग आमासँग प्रश्न गरी – "होइन आमा ! तपाईं मलाई कति माया गर्नुहुन्छ ! आखिर मैले एक दिन यो घरबाट जानुपर्छ । तर तपाईंको माया र स्नेहले गर्दा मेरो मस्तिष्क र पाउहरू बाँधिएका छन् । म चाहेर पनि निस्कन सकिरहेकी छैन । अब मैले जानुपर्छ आमा !"

ऊ खाँदाखाँदै गम्भीर भई ।

आमाको केही क्षणअघिको ठूलो चाहना र कल्पनामा बज्रपात भएझैँ लाग्यो र भन्न लागिन् – "होइन प्रतिमा ! तिमीलाई अचानक के भो ? किन यस्तो कुरा गर्दैछ्यौ ? मैले तिमीलाई जाऊ त भनेकी छैन नि ! म पनि अब तिमीविना यो घरमा बस्न नसक्ने भइसकेकी छु । तिमी आएर मेरो शून्यजस्तै जीवनमा खुसी दिएकी छ्यौ । त्यसैले मलाई एक्लो पारी जाने कुरा नगर । बरू भन, तिमीलाई के कुराको कमी भो वा त्यस्तो के कारण पऱ्यो ?"

प्रतिमाले झट्ट उत्तर दिई – "होइन आमा, होइन । मैले यो घरमा आएर हजुरजस्ती देवीलाई आमाका रूपमा पाएकी छु । म त यो नाता र मायाबाट वञ्चित हुन चाहन्न नै, तर पनि बाध्य छु ।"

आमाले भनिन् – "तिमीलाई कस्तो बाध्यता आइपऱ्यो र यस्तो भन्दैछ्यौ ?"

प्रतिमाले उदास भएर भनी – "म केही गर्न सक्ने भएकी छु । अब मैले सधैँ हजुरहरूलाई दुःख दिनु हुँदैन । त्यसैले मैले बाहिर डेरा गरी बस्ने विचार गरेकी छु । बाहिर बसे पनि बराबर आइरहन्छु नि आमा !"

यस्तैमा डा. अविनाश आइपुग्यो । दुवै चुप भए । आमाको र प्रतिमाको अनुहार मलीन थियो । सधैँको वातावरणभन्दा एकदमै फरक । डा. अविनाश लुगा फेर्न गयो । प्रतिमा नास्ता लिन भान्सातिर लागी । आमा किंकर्तव्यविमूढ भएर त्यहीँ उभिइरहिन् । कमिजको टाँक लगाउँदै अविनाशले आमासित सोध्यो – "होइन आमा ! आज म तपाईंहरूलाई किन उदास र चुपचाप देख्छु ? प्रतिमा पनि राम्ररी बोलिन नि ? के भो आमा ?"

जवाफमा आमाले भनिन् – "खै, आज प्रतिमालाई के भो ! बाहिर कतै डेरा सर्छु भन्छे । मैले चाहिँ यहीँ बस्न भनिरहेकी छु । के गर्नु, नहुँदा पनि ठिकै थियो । देखेँ । यत्रो दिन सँगै बसियो । माया बढ्यो । अब त ऊविना एकछिन पनि बस्न सक्दिनँ जस्तो लाग्छ ।"

आमाको कुराले अविनाशको मुटुमा धक्का लाग्यो । ऊभित्र पलाएका आशा-भरोसाहरू उसका अव्यक्त उद्‌गारसँगै दुखे । ऊभित्र नमीठो दर्द महसुस भयो । उसलाई के गरूँ, कसो गरूँ जस्तो भयो । सम्हालिँदै भन्यो – "ठीक छ नि आमा ! म पनि उसलाई एकपटक सम्झाउँला, हुन्न ? के भन्छे, हेरौँ ! (लामो सास फेर्दै) ऊ गई भने हाम्रो घर फेरि उस्तै शून्य र उजाड हुनेछ ।"

यस्तैमा प्रतिमाले चिया ल्याएर डा. अविनाशको अगाडि राखिदिई र चुपचाप बेलुकाको खाना तयार गर्न भान्सातिर लागी । आमाले छोराको भावना बुझिनन् र भनिन् – "भरे यसबारे कुरा गर्नेछु ।"

भान्सामा व्यस्त प्रतिमा ज्यादै चिन्तित र भावुक भई । किनकि उसलाई यो घर र परिवारको ज्यादै माया थियो । ऊ खिन्न भएर कहिले पारसको पवित्र प्रेम र त्यागलाई सम्झन्थी त कहिले अविनाशको उदास र मायालाग्दो अनुहारलाई ।

ऊ यस घरमा पाहुना भएर आएकी ३ महिना बितिसकेछ । यस घरको परिवारको खुलस्त र सौम्य व्यवहारले गर्दा हप्ता दिन बसेजस्तो पनि लागेन । प्रतिमालाई यो समयमा कुनै कुराको कटु अनुभव भएन । समय जति बित्दै गयो, प्रतिमा अविनाशतर्फ नजानिदो किसिमले खिचिँदै थिई । तर यसरी सधैँ अर्काको घरमा बसिरहन उसलाई उचित लागेन । उसले सोची – 'भोलि अविनाशको विवाह होला ! त्यसपछि व्यवहार त बदलिन्छ नै ! त्यस बेला आफूलाई पनि चित्त दुख्नेछ । त्यसैले समयमै मैले यो घरबाट जानुपर्छ ।'

यसरी सोच्दासोच्दै प्रतिमाका आँखाहरू आँसुले भिजे । कारण यो घर र परिवारलाई उसलाई वरदानका रूपमा प्राप्त भएको थियो । ऊ अविनाशलाई आन्तरिक रूपमा प्रेम गर्दथी, तर व्यक्त गर्न सकेकी थिइन । अविनाशलाई उसको विगत जीवन सबै थाहा भएकाले व्यक्त गर्न डराउँथी । ऊ भित्रभित्रै जलिरहेकी थिई । यो घरबाट निस्केर

जाने कल्पनाले मात्र पनि ऊ पीडाले विक्षिप्त हुन्थी । तर पनि उसले अब यो घरबाट जाने नै निश्चय गरी र हिम्मतका साथ आमालाई व्यक्त गरिदिई । समय र परिस्थितिले पछारिएकी प्रतिमा विचार र भावनाको द्वन्द्वमा सधैँ आफ्नो हार भएको तीतो अनुभव गर्दै टेबलमा मुख लुकाएर आँसुसँगै बगिरही । उसले आफ्नो दर्द र भावनालाई यसरी गीतमा पोखिदिई –

सायद तिमीलाई थाहा नहोला
म कति माया गर्छु भनेर
सकिनँ तर तिम्रो नजरमा
आउन हृदय खोलेर
म एक्लै-एक्लै जलिरहेछु
तिम्रो सम्झनामा तड्पिरहेछु
बगेको आँसु पिइरहेछु
जाँदैछ मेरो अधरको मुस्कान
आँखाको आँसुसँगै बगेर
तिमी पराई, म छु पराई
जानेर पनि बुझ्न सकिनँ
बिर्सन खोज्दा झन् बढ्छ माया
अबुझ मनलाई रोक्न सकिनँ
अब यो जीवन बित्नेछ सायद
अव्यक्त उद्‌गारसँगै दुखेर
गीतसँगै रोई सुँक्कसुँक्क गरेर ।

आमाको कुराले चियासम्म निल्न पनि गाह्रो अनुभव भएको अविनाश भान्साको ढोकाको छेउमा चियाको कप बोकेर धेरै बेरदेखि प्रतिमाको विक्षिप्त अवस्थाको अध्ययन गरिरहेको थियो । उसको सुमधुर स्वरमा व्यक्त गरिएको करुण आवाजले अविनाशका आँखाहरू रसाएर आए । उसले प्रतिमाको भावना बुझ्यो । आफ्नो मनका उद्‌गारहरू एक-अर्कामा व्यक्त गर्न नसक्दा दुई आत्माले भोग्नुपरेको जलन र तड्पनको दोषी आफूलाई ठान्यो अविनाशले ।

अविनाश ढोकामा उभिइरहेको थाहा थिएन प्रतिमालाई । ऊ रोइरही आफैँसँग । यो दृश्य धेरै बेर अविनाशले हेरिरहन सकेन । बिस्तारै अघि बढेर सुँकसुँकाइरहेकी प्रतिमाको कुममा हात राख्दै भन्यो – “प्रतिमा ! मलाई क्षमा गर ।”

अचानक अविनाशको स्पर्श र आवाजले प्रतिमा झस्की र लज्जित भई । तर यो आवाज र स्पर्शले प्रतिमाको मनमा आशा, उमङ्ग र आनन्दको तरङ्ग सञ्चार भयो । उसको आवाजसँगै प्रतिमाभित्र उकुसमुकुस भएर रहेको अव्यक्त उद्‌गारले हिक्का लियो । डा. अविनाशले सम्झाउँदै भन्यो – “प्रतिमा ! अब नरोऊ । तिमीलाई यति नजिक पाएर पनि तिम्रो भावना बुझ्न सकिनँ । खालि एक्लै जलिरहेँ । ममा तिम्रो विचार बुझ्ने हिम्मत भएन । किनकि म तिम्रो दिल दुखाउन चाहन्नथेँ । तर आज मलाई स्पष्ट भयो कि तिम्रो र मेरो चाहना र लक्ष्य एउटै रहेछ ।”

प्रतिमाले उसको अनुहार हेरी आश्चर्य र छक्क परेर । उसले फेरि भन्यो – “प्रतिमा ! अब म यो गल्ती दोहोऱ्याउने छैन ।”

प्रतिमाले खिन्न र उदास भएर भनी – “डाक्टर साब ! म अभागीलाई साथ दिएर आफ्नो जिन्दगीलाई दुःखित बनाउने विचार छाडिदिनुहोला । मैले गर्दा पारसले अकाल मृत्युको सामना गर्नुपऱ्यो । अब फेरि मैले पाएको एउटा सहारा, आधार अनि देवतातुल्य तपाईंको दुःखद अन्त्य म देख्न सक्तिनँ । त्यसैले मलाई एक्लै छाडिदिनुस् ।”

ऊ मुख छोपेर रुन लागी ।

“प्रतिमा ! यस्तो नभन । जिन्दगी यति सस्तो र तुच्छ छैन, जस्तो तिमीले सोचेकी छ्यौ । अमूल्य जीवनको महत्त्व बुझ्न सक्नुपर्छ । बाँच्न हिम्मत र विश्वास चाहिन्छ ।”

यसपछि रुँदै प्रतिमाले भनी – “म तपाईंकी आमाको चित्त दुखाउन चाहन्नँ । मेरो विगतको जीवनको यथार्थ खुल्नासाथ आमाले

मलाई घृणा गर्नुहुनेछ । त्यो क्षण मलाई सह्य हुने छैन । त्यसैकारण मेरो अन्तिम सहारा मृत्यु हुनेछ ।"

बीचैमा कुरा काट्दै अविनाशले भन्यो – "मेरी आमाको विचार र भावनाबाट तिमी अनभिज्ञ छैनौ । मेरी आमा देवीसमान हुनुहुन्छ । मलाई विश्वास छ उहाँबाट हाम्रो इच्छामा कुनै बाधा पुग्ने छैन ।"

धेरै बेरसम्म प्रतिमा भान्साबाट बाहिर नआएकीले आमा कराउँदै आइन् र भन्न लागिन् – "प्रतिमा ! आज किन भान्साभित्रै अलमल ? अनि के-के तरकारी बनाउन लाग्यौ ?"

आमाको आगमनपछि दुवैजना हाँसेझैँ गरी बाहिर निस्के ।

साँझ परिसकेकाले खाना खाएर तीनैजना टीभी हेर्न थाले । सबै उदास देखिन्थे । कसैमा दोहोरो कुराकानी भएन ।

प्रतिमा टाउको दुखेको बहाना बनाई कोठातिर लागी । अविनाश चुपचाप सोफामा पल्टिरह्यो । वातावरण गम्भीर थियो । शून्यतालाई भङ्ग गर्दै आमाले भनिन् – "बाबु ! अस्तिदेखि मलाई एउटा कुरा भन्न मन थियो । समय मिलेन । आजचाहिँ तिमीले यसको फैसला गर्नुपर्छ ।"

अविनाशले भन्यो – "किन र कस्तो कुरा हो आमा ?"

आमा भन्न थालिन् – "हेर बाबु ! अब म पनि बुढी भएँ । यो घर र तिमीलाई कसैको हातमा सुम्पेर अब म निश्चित भई बाँच्न चाहन्छु ।"

अविनाशले बीचैमा भन्यो – "तर आमा ... !"

आमाले कुरा काट्दै भनिन् – "तर-सर म जान्दिनँ । म पनि एक्लै बस्न सक्दिनँ । अतः तिमीले आज मैले भनेको कुरा सुन्नु र मान्नुपर्छ बाबु !"

"सोच्न दिनुस् न आमा ! आजै किन यसरी हतारिनुभएको ?" – अविनाशले भन्यो ।

आमाले दृढ भएर भनिन् – "सोचिरहनु जरुरत छैन । मैले सबै निर्णय गरिसकेँ । समय थोरै छ । तिमी जसरी हुन्छ प्रतिमाको हात माग । मेरा लागि यस्तै सहनशील, सुशील र शिक्षित बुहारीको खाँचो छ, जसबाट म सासूको आदरसँगै छोरीको माया पनि पाउन सकूँ ।"

अविनाशले आमाको आशय बुझ्यो ।

'तर प्रतिमाको वास्तविक जीवन बुझेपछि घृणा त गर्नहुन्न ? यस्तो भयो भने त प्रतिमा मर्न सक्छे । पछि गएर आमा र प्रतिमालाई धोका नहोस् ।' यस्तो विचार गरी अविनाशले प्रतिमाको अतीतलाई आमाको सामु प्रस्तुत गर्दै यो कुरा उसलाई नभनिदिनका लागि अनुरोध गऱ्यो । प्रतिमाको वास्तविकता थाहा भएपछि आमाको हृदय झन् दयाले भरिएर आयो । उनका दुवै नेत्र सजल भए । उनलाई पनि अतीतको सम्झना भयो । उनी पनि अनाथ थिइन्, कुनै दिन गाउँमा सबैबाट टुकुराएकी शशी ।

हाकिमको छोराबाट वासनाको सिकार भएकी कान्ता, जो त्यसै अफिसको पियनकी छोरी थिइन्, उनैबाट जन्मिएकी अबोध बालिका शशी । बाबुविनाकी छोरी भनी उनलाई सबैले घृणा गर्दथे । उनी पाँच वर्षकी हुँदा आमा पनि मरिन् । एउटा दयालु मान्छेबाट पाल्ने र पढाउने अभिभारा लिएर काठमाडौँ ल्याइएकी र छोरीझैँ पालिएकी शशीलाई सोही घरमा डेरा गरी बस्ने एक सज्जन सेक्सन अफिसरले मन पराए । शशीका अभिभावकले उनको जीवनका विगत कुराहरू स्पष्ट गराए उनका सामु पछि शशीलाई धोका नहोस् भनेर । गाउँमा जन्मे पनि पहिलेदेखि नै उदार भावना भएका विक्रमले उचित शिक्षा पाउनुका साथै विदेश भ्रमण गर्ने मौका पनि पाएका थिए । उनकै बलियो सहारा पाएर शशी आज सम्मानित आमा बनेकी थिइन् ।

विगतको आफ्नो जीवन झम्झेर आमाले भावविभोर हुँदै छोरालाई भनिन् – "बाबु ! तिम्रो कुराले प्रतिमाप्रति मेरो मोह झन् बढ्न गयो । म उसलाई बुहारी बनाउन मन्जुर छु । मान्छे भएपछि मान्छेलाई मान्छेको सहारा चाहिन्छ । गल्ती बाबुआमाले गर्छन्,

जन्मने बालबालिकाको के दोष ? ऊ त धरतीमा आएदेखि नै न्यानो आमाको काख खोज्दछ । तर निष्ठुर नारीहरू सामाजिक बदनामी सहन नसकेर लज्जा, सङ्कोच र भयका कारण यस्ता अबोध शिशुहरू जन्माएर मार्ने या फ्याँक्ने दुस्साहस गर्छन् । यसको सजाय उनीहरूले पाउनुपर्छ, अबोध बालबालिकाले होइन ।"

अविनाश आमाको कुरा सुनेर जिल्ल पऱ्यो । आजसम्म आमाबाट गोप्य राखिएका मार्मिक कथाहरू सुनेर अविनाशले आमाको दुवै हात समाएर आदरपूर्वक भन्यो – "आमा ! तपाईं साँच्चि नै देवी हुनुहुन्छ ।"

विश्रामका लागि कोठामा गएकी प्रतिमा लुकेर आमाछोराका कुरा सुनिरहेकी थिई । आमाको आफूप्रतिको विचार र भावना सुनेर प्रतिमाको खुसीको सीमा थिएन । पारसको मृत्युले उजाड भएको उसको जिन्दगीमा आशा, उमङ्ग, उत्साह र जाँगरले वासन्ती बहार छर्न लागेको थियो । आमाको त्यो दृढ वचन सुनेर ऊ आत्मविभोर भई र भगवान्लाई अभिवादन गरी । उसको आँखामा हर्षको आँसु थियो ।

यस्तैमा आमा प्रतिमाको कोठामा पसिन् । प्रतिमाले केही थाहा नपाएझैँ गरी झस्किँदै सोधिन् – "आमा ! निद्रा लागेको छैन ? आज किन अबेरसम्म नसुत्नुभएको ?"

आमाले प्रतिमालाई खाटमा बसाउँदै भनिन् – "हो नानी ! मेरो निद्रा भागिरहेको छ । मलाई आरामसाथ निदाउनका लागि तिम्रो सहयोगको जरुरत परेको छ । मलाई वचन देऊ ।"

प्रतिमाले केही नबुझेझैँ गरी आमाको अनुहारतिर हेरी र विस्तारै भनी – "कस्तो वचन आमा ?"

आमाले प्रतिमाको हात समाउँदै भनिन् – "नानी ! आजसम्म तिमीले मलाई केही पनि भनिनौ । तिम्रो यथार्थ कुरा त मलाई अहिले पो थाहा भो । तिमीले अब यो घरबाट कतै पनि जानुपर्दैन । तिमी

अब एक्ली छैनौ । यो घर तिम्रै हो र अविनाश पनि तिम्रै हो । म पनि तिम्रै हुँ ।"

आमाका शब्दहरूले प्रतिमाको आँखाबाट हर्षको आँसु खस्यो । उसले आमालाई अँगालो हालेर भनी – "आमा ! तपाईं साँच्चै नै देवी हुनुहुँदो रहेछ ।"

आमाले भनिन् – "भोलि श्रीपञ्चमी रहेछ । बिहान मन्दिर जान चाँडै उठ्नुपर्छ । रात धेरै बित्यो । सुत अब ।"

भोलिपल्ट मन्दिरबाट भगवान्को फूलप्रसाद ल्याएर आमाले अविनाश र प्रतिमालाई साथैमा राखेर टीका लगाइदिँदै आशीर्वाद दिइन् । साथै, घरको साँचो झिकी प्रतिमाको हातमा राखिदिएर आशीर्वाद दिँदै भनिन् – "लौ प्रतिमा ! मेरो छोरो र यो घरको साँचो आजदेखि तिम्रो जिम्मामा भयो । तिमीहरूको दाम्पत्य जीवन सफल होस् ।"

दुवैजना श्रद्धापूर्वक आमाको पाउमा झुके ।

●

# आत्मीयता

शीला र गीता सानैदेखि ज्यादै मिल्ने साथी थिए । एक-अर्काको सुखदुःखमा दुवै भागिदार हुन्थे । एकले अर्काका निम्ति मरिमेट्ने बानी दुवैमा थियो । आजसम्म उनीहरूले आफूबीच नैराश्य र फुटको छायासम्म पर्न दिएका थिएनन् । सबै नै उनीहरूको मित्रताको प्रशंसा नगरी सक्दैनथे । सानो कक्षादेखि यसरी नै दुवैले क्याम्पससम्म पनि सँगै पढे र सँगै बढे ।

दैवसंयोग, दुवैको विवाह एकै लगनमा एकै घरका दाजुभाइसँग हुन पुग्यो । ती दाजुभाइ भए पनि दुवैमा घनिष्ट मित्रता पनि थियो । उनीहरूको नाउँ गुञ्जन र गगन थियो । उनीहरू डेढ वर्ष मात्र फरकका थिए । विधवा आमाको लालनपालनमा हुर्केका थिए यी युवकहरू । ज्यादै मिहिनेती, सहयोगी र उदार विचारका थिए उनीहरू । छरछिमेकका कुनै पनि बाबुआमाले आफ्ना छोराछोरीलाई गाली गर्नुपर्दा या सम्झाउनुपर्दा गुञ्जन र गगनको नै उपमा दिने गर्थे ।

विवाह भएको वर्षदिनपछि शीला छोराकी आमा बनी । घरमा हर्षोल्लास छायो । दुई वर्षपछि फेरि छोरी जन्मी । खुसी फेरि त्यस्तै बढ्यो । तर दुर्भाग्य नै भन्नुपर्‍यो, गीतालाई अहिलेसम्म आमा बन्ने सौभाग्य प्राप्त हुन सकेन । सासू बोली र व्यवहारमा रमाइलो र प्रस्ट स्वभावकी थिइन् । राम-लक्ष्मणजस्ता छोरा र उस्तै खालका बुहारीहरूबाट सम्पन्न भएकोमा बुढी सन्तुष्ट थिइन् । तर सँगै भित्र्याएकी बुहारीबाट दुई सन्तान भइसक्दा पनि कान्छीको कुनै सुरसार नदेख्दा बुढीलाई चिन्ता लाग्न थाल्यो ।

आज बच्चीको अन्नप्राशन सबैले निकै रमाइलोसँग मनाए । आगन्तुकहरूले उपहारस्वरूप ल्याएका खेलौना र लुगाहरू घरमा

निकै थुप्रिए । वातावरण रमाइलैसँग बित्यो । तर आमा भने निकै छटपटाइन् कान्छा छोराको भविष्यबारे सोचेर ।

साथी अर्थात् दिदीका गुडियाजस्ता बच्चाहरूको रुवाइ र मनमोहक हँसाइमा गीता आफूलाई नै भुल्दथी । समय बितेको थाहै हुँदैनथ्यो ।

यस्तैमा एक दिनको कुरा हो, यसरी नै बच्चाहरूसँग भुलिरहेकी गीताको छेउमा सासू आएर भन्न थालिन् – "ए गीता ! तिमीलाई आमा बन्न रहर लाग्दैन ? खै, तिम्रो त बच्चा नहुने रहेछ कि कसो ? सँगै विवाह भएकी शीलाबाट दुई सन्तान भइसक्दा पनि तिम्रो भने सुरसारै छैन त !"

फेरि सुस्केरा लिँदै भनिन् – "यस्तै हो भने सायद कान्छाको सन्तानको मुखै नदेखी मर्छु क्यार !"

गीताले छक्क परेर सासूको मुख हेरी । सासूले फेरि भनिन् – "हो गीता ! सन्तान चाहिन्छ । सन्तान भनेको स्वर्गको बाटो हो । सन्तानविनाको जीवन सुनसान हुन्छ ।"

गीता जिज्ञासु भएर सासूलाई हेरिरही । सासू भन्दै गइन् – "अब एक वर्ष तिम्रो बाटो हेर्नुपर्ला । तब पनि भएन भने कान्छाको अर्को बिहे गर्नुपर्छ होला । त्यति बेला तिमीले पनि हुन्न नभन्नू नि है गीता !"

गीता सासूको यो शब्दले छाँगाबाट खसेजस्ती भई । मायालाग्दी भएर सासूसँग भनी – "किन र आमा ? यी बालकहरू पनि त हाम्रै सन्तान हुन् नि ! मैले नै जन्माएको मात्र आफ्नो हुन्छ भन्ने पनि त छैन नि ! होइन र आमा ?"

आमाले सम्झाउँदै भनिन् – "तिमीले भनेको कुरा पनि ठिकै हो गीता ! तर तिमीले त्यस्तो कुरा सोचे पनि आफ्नोजस्तो कहाँ हुन्छ र ? तिमीले अहिले व्यवहारका यस्ता कुरो बुझेकी छैनौ, पछि बुझौली ।"

उनी भन्दै गइन् – "फेरि के भो त ? एक वर्ष त पर्खनै छ । त्यसबीचमा भएछ भने राम्रै भयो । नभए एउटी बुहारी थपिँदैमा हामीलाई खानै नपुग्ने पनि त होइन नि !"

बीचैमा कुरा काटी गीताले – "त्यसो भए खान पुग्ने परिवारबाट लोग्नेमानिसहरूले चाहेजति स्वास्नी बटुल्न मिल्छ त आमा ?"

आमाले भनिन् – "होइन-होइन, तिमीले मेरो कुरो बुझिनौ । मेरो भन्नुको तात्पर्य यो होइन पनि । बस्, यसलाई समयको बाध्यता सम्झे हुन्छ । फेरि कसैकसैको त सौतेनी ग्रह हुन्छ रे भन्छन् । कान्छाको दोस्रो विवाह हुनासाथ तिमीबाटै पहिले सन्तान जन्मने पनि त हुनसक्छ ! के भयो र ! होइन ?"

यति भनेर सासू मुसुमुसु हाँस्दै आफ्नो कोठातिर लागिन् ।

तर गीताको स्वच्छ र कमलो मनमा सासूको मुखबाट निस्केको 'सौता' शब्दले कठोर प्रहार हुन गयो । उसको हँसिलो मुहार एकाएक मलीन भयो । स्वरमा कम्पन भरियो । ओठमुख सुक्दै आयो । त्यस बेला गीताले आफूलाई एकदमै एक्ली र असहाय अनुभव गरी । कानभरि सासूका शब्दहरू गुञ्जन लागे । बच्चाहरूसँग खेल्दाखेल्दै ऊ मुख छोपेर रुन थाली । उसले भोलिका वीभत्स र कहालीलाग्दा दिनहरूका बारेमा सम्झी । उसको आँखाअगाडि आफू सानै छँदा पल्लो घरका काकाले पहिली श्रीमतीबाट तीनवटी छोरी भएपछि छोरो पाउनका लागि अर्की स्वास्नी ल्याएको र अर्कीबाट छोरो भएपछि ठूली काकीलाई हेला गरेर बारम्बार झगडा र कुटपिट गरेको जस्ता मार्मिक दृश्यहरू बारम्बार उसको आँखामा प्रतिबिम्बित हुन थाल्यो ।

त्यसै समयमा बच्चाका निम्ति बोतलमा दूध लिएर शीला कोठामा प्रवेश गरी । तर आश्चर्य ! गीताको हालत देखेर ऊ झस्किई । हतारहतार गीतालाई समाउँदै भनी – "ए गीता ! के भो

हँ ? किन यसरी रोएकी ? कसैले केही भन्यो कि के गऱ्यो ? चाँडो भन् गीता ! आज म यो सब के देखिरहेछु ?"

गीता गलाको गाँठो खोल्न नसकी दिदीको काखमा घोप्टिएर हिक्का छोड्दै मनको बोझ हल्का पार्न लागी । शीला भने गीतामा अचानक आएको परिवर्तनको रहस्य नबुझेर झन् अधीर हुँदै उसलाई कारण बताउनका लागि जिद्धी गर्न थाली ।

आँसुले मनको बोझ केही हल्का भएपछि उसले दिदीसित सासूको आशय बताइदिई । यो सुनेर शीलालाई नरमाइलो र खल्लो अनुभव भयो । उसले गीतालाई सम्झाउँदै भनी – "बस्, यति कुरामा ? लौ के भो त ? म तँलाई यी दुवै बच्चा दिउँला, हुन्न ?"

जवाफमा गीताले सासूको शब्दमा आफ्नो सन्तान भएजस्तो अरूको नहुने कुरा बताई । फेरि अधीर र हतोत्साही भएर भनी – "दिदी ! गगनले अर्की ल्याए भने म त सत्य मरि नै दिनेछु ।"

ऊ पुनः रोई । शीलालाई गीताको हालत देखी ज्यादै दुःख र दया लाग्यो । अतः उसले प्रण गर्दै भनी – "उसो भए गीता ! आजको एक वर्षभित्रमा तँलाई आमा बनाउने अभिभारा मेरो भयो । आजदेखि म यसमा लागेँ । धन्दा नमान् । लौ उठेर बस् । मसँग सधैँझै हाँसेर बोलिदे गीता !"

गीता शीलाको कुराले केही हल्का र आश्वस्त भई ।

भोलिपल्ट शीलाले गीतालाई डाक्टरकहाँ जचाउन लिएर गई । डा. शोभा पहिले प्रसूतिगृहमा सेवारत थिइन् । उता छोडेर ३-४ वर्षदेखि आफ्नै प्राइभेट नर्सिङहोम खोलेर बसेकी हुन् । आज बिहानको सानो घटनाले डा. शोभाको मुड केही बिग्रेको थियो । दिनभरि अफिस नगएर यताउता घुम्दै ४ बजेपछि मात्र उनी आफ्नो ड्युटीतर्फ लागेकी थिइन् । डा. शोभा नातामा शीलाकी सानीमा (आमाकी बहिनी) थिइन् । उनकी दिदीकी छोरी शीला अघिदेखि उनैको प्रतीक्षामा थिइन् ।

शीलाले डा. शोभाको अनुहार मलीन देखेर झट्ट सोधी – "सानीमा ! आज किन ढिलो ? सन्चो छैन कि कसो ?"

डा. शोभाले भनिन् – "किन र ? सन्चै छु ।"

शीलाले भनी – "होइन, अनुहार अलि मलीन देखेर सोध्या मात्र । त्यसो त डाक्टरलाई रोगै पो हत्तपत्त कहाँ लाग्छ र ? होइन सानीमा ?"

दुवै हाँसे । डा. शोभाले सोधिन् – "अनि कसरी सानीमालाई सम्झियौ त आज ?"

शीलाले गीतालाई डाक्टरसँग परिचय गराउँदै भनी – "उहाँ मेरी सानीमा !"

जवाफमा गीताले नमस्कार गरी । फेरि डाक्टरलाई गीताको परिचय दिँदै भनिन् – "सानीमा ! यो मेरी आफ्नै देउरानी मात्र नभएर बाल्यावस्थादेखिको अति नै आत्मीय साथी पनि हो । हामी दुवैको विवाह आजभन्दा ४ वर्षअगाडि एउटै लगनमा एकै घरमा भएको हो । तर मेरा दुई सन्तान भइसक्दा पनि यसको कुनै सुरसार नदेखेर घरमा सासूले छोराको अर्कै बिहे गरिदिने सपना देख्न थाल्नुभएको छ । त्यसैले गर्दा यसलाई स्वास्थ्य परीक्षणका लागि लिएर आएकी हुँ ।"

डा. शोभाले गीताको मुखतिर हेर्दै सोधिन् – "नानी कति वर्षकी भयौ ?"

गीताको जवाफ – "अट्ठाइस वर्ष ।"

डाक्टरले पुनः प्रश्न गरिन् – "खास कुनै रोग छ ?"

गीताले भनी – "अहिलेसम्म त केही छैन ।"

डाक्टरले फेरि सोधिन् – "महिनावारी ठीक-ठीक समयमा हुन्छ ?"

गीताले जवाफ दिई – "समयमै हुन्छ ।"

डा. शोभाको प्रश्न थपियो – "त्यस समयमा पेट दुख्छ कि दुख्दैन ?"

"हजुर, पेट निकै दुख्छ ।" – गीताले भनी ।

डाक्टरले बेडतर्फ औँल्याउँदै अह्राइन् – "त्यहाँ एकछिन पल्ट त !"

डा. शोभाले गीताको शारीरिक परीक्षण गरेपछि उसलाई रगत र पिसाबको रिपोर्ट पेस गर्नका लागि पर्चा लेखिदिइन् । साथै, गगनलाई पनि उसको स्वास्थ्य परीक्षणका लागि डाक्टर सरोजसँग सम्पर्क राख्ने सुझाव दिँदै उसको समेत रिपोर्ट लिएर आउनका लागि शीलालाई अह्राइन् ।

गीता र गगनमा ज्यादै प्रेम थियो । हँसमुख गीतालाई ऊ सधैँ नै खुसी र सुखी देख्न चाहन्थ्यो । तर गीतामा अचानक आएको परिवर्तन देखेर गगनलाई आश्चर्य र कौतूहल लाग्नु स्वाभाविक नै थियो ।

एक दिनको कुरा । गीता गम्भीर मुद्रामा थिई । गगनले सधैँझैँ उसलाई के-के भनेर हँसाउने प्रयत्न गर्‍यो, तर सफल हुन सकेन । आखिर नसोधी धरै भएन । गीताको चिउँडो उठाउँदै भन्यो – "ऐ, के भो ? कि सन्चो भएन सानु ?"

गीताले केवल 'होइन' भनी टाउको मात्र हल्लाई । गगनले फेरि भन्यो – "अनि किन त ? तिमी न मसँग बोल्छ्यौ, न त कुरै भन्छ्यौ । भन न, के भो ?"

गीताको मनका पीरहरू आँखाको बाटो भएर निस्कन थाले बरबर आँसुको रूप लिएर । गगन झनै जिल्ल पर्‍यो । आँसु पुछिदिँदै भन्यो – "कस्ती लाटी रहिछ्यौ । नरोई भन्न नसक्ने कस्तो कुरा आइपर्‍यो तिमीलाई ? भन न, के भो ?"

गीताले गगनको छातीमा मुख लुकाउँदै भनी – "गगन ! के तिमी साँच्चि नै मलाई छोडेर अर्को विवाह गर्छौ ?"

आफ्नो मस्तिष्कमा नै नभएको कुरा सुन्नुपर्दा गगन झस्कियो र तत्काल उसको टाउको उठाइदिँदै प्रश्न गऱ्यो – "होइन, आज तिमीलाई के भएको छ हँ ? कहिले ठुस्किने, कहिले रुने, कहिले मुखमा जे आयो त्यही भनिदिने । कतै दिमाग त सट भएन ?"

गीताले गगनसँग आँखा जुधाउँदै भनी – "सायद सट हुने दिन नजिक आउँदैछ ।"

उसले लामो सुस्केरा भर्दै मुन्टो अर्कातिर फर्काई । गगनलाई उसको सनकीपनदेखि रिस-रिस पनि उठ्यो । केही कडा आवाजमा पुनः बोल्यो – "तिम्रो मनको कुरा बुझ्ने म देवता पनि त होइन ! कि त मनमा लागेको कुरा भन्नुपर्छ, कि त सोधेको कुराको जवाफ दिनुपर्छ । यसो भन्दा पनि होइन, उसो भन्दा पनि होइन । यो तिम्रो के चाला हो ?"

त्यतैतिर आउन लागेकी शीला उनीहरूको गन्थन सुन्दै थिई ढोकैमा उभिएर । वातावरण अरू जटिल नहोस् भनेर उसले झट्ट आवाज दिँदै भित्र पसी र भनी – "सानोबाबुसँग सानो सल्लाह गर्नु थियो । बच्चाहरूलाई यसोउसो गर्दैमा ढिलो भएछ ।"

"भन्नुस् न कस्तो सल्लाह हो ! कहीँ गीताकै जस्तो बाङ्गो कुरा हो कि ! त्यसो हो भने म बुझ्न सक्दिनँ है भाउजू !" – केही उत्तेजित स्वरमा बोल्यो गगन ।

शीलाले सम्झाउँदै भनी – "मैले तपाईंहरूको कुरा सबै सुनेँ । यसमा कसैको दोष छैन । बरू बेलैमा होस पुऱ्याउनुपर्ने बेला आएको छ । त्यसैले त केही भनौँ भनेर आएकी नि !"

जिज्ञासा राख्यो गगनले । शीलाले गीतामा एकाएक परिवर्तन आउनुको कारण आमाले भनेको कुरा भएको, डाक्टरकहाँ गएको र डाक्टरले गगनको पनि राम्ररी स्वास्थ्य परीक्षण गरेर दुवैको सम्पूर्ण रिपोर्ट तयार गरेर लिएर आउनू भनी आफूलाई अह्राएको कुराहरू सुनाई । साथै डाक्टरको सुझावमा गगनले सम्पर्क राख्नुपर्ने

डाक्टरको नाम र सुझावसमेत भएको पर्चा गगनलाई जिम्मा दिँदै भनी – "ल, बाबूले यी सबै कामहरू सकेर मलाई रिपोर्ट ल्याइदिनू । दुवैको रिपोर्ट तयार भएपछि म जानेछु । बरू चाँडो गरिदिनुपर्‍यो ।"

भाउजूको कुरा सुनी गगनले लजाउँदै भन्यो – "मलाई के भएको छ र डाक्टरकहाँ जाने ?"

शीलाले मुस्कुराउँदै भनी – "धेर नक्कल नपारीकन जानुस् है बाबू ! नत्र म पनि रिसाउँछु नि !"

ऊ निस्किई ।

भोलिपल्टै गगनले आफ्ना सबै रिपोर्टहरू ल्याएर भाउजूको हातमा राखिदियो । शीला हतारहतार लुगा फेरेर गीताको रिपोर्ट लिन प्याथालोजिक क्लिनिकतिर गई र त्यहाँबाट तयार रिपोर्टहरू लिएर सिधै डा. शोभाको क्लिनिकतिर लागी । डा. शोभालाई उसले ढोकैमा भेटी र सँगै भित्र पसी । डा. शोभाले कुर्सीमा बस्दै सोधिन् – "रिपोर्टहरू सबै लिएर आयौ त ?"

उसले ब्यागबाट रिपोर्टहरू झिक्दै भनी – "सबै रिपोर्ट ल्याएँ सानीमा ! डाक्टरी अक्षर आफू केही बुझ्ने होइन !"

उसले डाक्टरको टेबलमा सबै रिपोर्ट राखिदिई । डा. शोभाले दुवै रिपोर्ट दोहोर्‍याई-तेहेर्‍याई हेरिन् र टोलाइन् । शीलाले मौनता भङ्ग गर्दै सोधी – "रिपोर्ट कस्तो छ सानीमा ?"

खिन्न हुँदै जवाफ दिइन् डा. शोभाले – "सायद तिम्रो इच्छा पूर्ण गर्न सकिँदैन शीला !"

तर्सदै भनी शीलाले – "किन सानीमा ? गगनको रिपोर्ट त राम्रै छ, होइन र ?"

डा. शोभाको जवाफ थियो – "हो, उसबाट हुन्छ । तर ... !"

शीलाले अरू व्यग्र हुँदै भनी – "तर भन्नुको मतलब के ? गीता आमा बन्न सक्दिन ?"

"हो शीला ! ऊ यो जीवनमा कहिल्यै आमा बन्न सक्दिन ।" – डाक्टरको दृढ जवाफ थियो ।

यो जवाफले छाँगाबाट खसेजस्ती भई शीला । आत्तिँदै भनी – "होइन सानीमा ! म यो सब के सुनिरहेछु ? यही सत्य हो भने ऊमाथि ठूलो अन्याय हुनेछ । उसको अकाल मृत्यु हुन सक्छ, या त ऊ पागल बन्न सक्छे । उसको दुःख र छटपटी म हेर्न सक्दिनँ । जसरी हुन्छ, उसलाई यी सबबाट बचाउनुपर्छ सानीमा ! बिन्ती ! अरू केही उपाय छ भने सोचिदिनुस् ।"

कम्पित स्वर थियो शीलाको । डा. शोभाले सम्झाउँदै भनिन् – "शीला ! यो कुनै उपायबाट सम्भव छैन । म के गरूँ !"

शीला किंकर्तव्यविमूढ भएर टाउकोमा हात राखी नतमस्तक भई । ऊ जुन आशा र विश्वास लिएर डाक्टरकहाँ आएकी थिई, त्यो सबै निराशामा परिणत भयो । ऊभित्र तुफान चल्यो । अब घर गएर गीतालाई के भन्ने ? साह्रै ठूलो चोट लाग्यो शीलाको प्रतिज्ञालाई । ऊ त्यहाँबाट जुरुक्क उठेर डाक्टरसँग नबोली जान तयार भई ।

शीलाको मलीन अनुहार देखेर डा. शोभालाई दया लाग्यो । ढोकाबाट निस्कन लागेकी शीलालाई सम्बोधन गरी – "एकैछिन पर्ख त शीला !"

ढोकामा पुगेकी शीलाले टक्क अडेर फर्केर हेरी । डा. शोभाले उसको हात समाउँदै भनी – "शीला ! म जान्दछु यस कुराले तिम्रो विश्वासमा ठूलो चोट पुग्न गयो । तर के गर्छ्यौ, यसमा म पनि धेरै दुःखित छु ।"

शीलाले नियास्रो मान्दै भनी – "सानीमा ! मलाई योभन्दा ठूलो दुःख र ग्लानि कहिल्यै भएन । गीताका सामुन्ने म कुन शब्द लिएर जाऊँ ?"

डा. शोभाले सम्झाइन् – "शीला ! हामीले पनि हुन सक्नेसम्म प्रयास गर्ने हो ! दुःख मानेर समस्या समाधान हुने होइन ।"

डा. शोभाको दिमागमा झट्ट घरमा काम गर्ने रीताको कुरा याद आयो । त्यो घटना सत्य भए त्यस कुराको समस्या पनि डा. शोभामै आइपर्ने विषय थियो । उसले केही सोचेर भनी – "बरू एउटा उपाय छ । धर्मकै कुरा पनि हो । मान्ने हो त ?"

उत्सुक हुँदै प्रश्न गरी शीलाले – "कस्तो उपाय सानीमा ?"

डा. शोभाले गम्भीर हुँदै भनिन् – "सन्तान भनेको सृष्टिको क्रम हो । जीवनमा सुखदुःख समेटेर सँगै बाँच्ने सहयात्री त लोग्नेस्वास्नी मात्र हुन् शीला ! फेरि संसार रित्तो पनि त छैन ! हामीले आफूले जन्माएको सन्तानलाई जस्तै माया दिन सके अरूले जन्माएको सन्तान पनि आफ्नै हुनेछ । त्यस्तो बच्चा प्राप्त भएमा के तिमी र गीता स्वीकार्न सक्छौ ?"

शीलाले केही गम खाँदै भनी – "त्यो कसरी सम्भव हुन्छ ?"

"तिमीले गीतालाई मनाउन सक्यौ भने यसको सम्पूर्ण जिम्मा म लिनेछु ।" – डाक्टरको जवाफ थियो ।

शीलाले केही बेर सोचेपछि दृढ भएर जवाफ दिई – "उसले परिवारको खुसी र आफ्नो भलाइका लागि यस कुरामा सहमत हुनैपर्छ ।"

केही आश्वस्त भएर डा. शोभाले भनी – "उसो भए तिमीले अहिले घरमा गएर मसँग तिम्रो भेट नभएको कुरा बताउनू । मचाहिँ यसबारे पूर्ण विवरण लिएर भोलि ११ बजे तिमीलाई भेट्नेछु । लौ त, तिमी गए हुन्छ ।"

त्यसपछि डा. शोभाको आँखाअगाडि हिजो बिहानको घटना दोहोरिन थाल्यो, जो यस्तो थियो –

एउटी पतिविहीन गरिब महिला दुई साना बच्चाहरूको भरणपोषण गर्न मजबुर भएर डा. शोभाको घरमा काम गर्दथी । उसलाई आफ्नै नर्सिङ होममा पियनको काम दिएकी थिइन् उनले । उसको लोग्ने ड्राइभर काम गर्दै पैसा कमाउने रहरमा बाहिर गएको

२ वर्ष बितिसक्दा पनि घर फर्केको थिएन, न कुनै चिठी र खबरै आएको थियो । ऊसँग यस बेला लोग्नेको सम्झना र आज या भोलि त आइपुग्छ कि भन्ने झिनो आशासिवाय केही थिएन । माइती पनि टाढा थियो । ऊ कतै जान असमर्थ थिई ।

यस्तैमा एक दिन नाइट ड्युटीबाट फर्कदै गरेकी रीता उसैको बाटो कुरेर बसेको एक बदमासको फेला परिछ, जसको तीतो फल उसमा गर्भ रहन गएको शङ्का भयो रीतालाई । मासिक धर्म पनि पर गयो । ऊ आत्तिई, छट्पटाई र आत्महत्या गर्न चाही । तर बच्चाहरूको मायाले उसले त्यसो पनि गर्न सकिन । निःसहाय रीता खुब रोइरही रातरातभर ।

एक दिन बिहान चिया लिएर ऊ डाक्टरको कोठामा उपस्थित भई । चिया टेबलमा राखिदिँदै भनी – “हजुर ! मेरो लोग्नेबाट छुटेदेखि म आजसम्म हजुरकै आडमा बाँचेकी छु । मैले मेरा यी साना बालकहरू नहुर्कुन्जेल जसरी भए पनि बाँच्नैपर्छ ।”

आँसु पुछी रीताले । डा. शोभाले अचम्म मान्दै सोधिन् – “होइन, आज तिमीलाई के भो रीता ! किन रोएकी ? कसैले केही भन्यो ?”

आँसु पुछ्दै गम्भीर भएर रीताले भनी – “होइन हजुर ! कसैले केही भन्नुभएको छैन ।”

प्रश्न थपिन् डा. शोभाले – “तब यो आँसु किन ?”

“अन्जानमा म कसैबाट लुटिएँ हजुर !” – कम्पित स्वरमा जवाफ दिई रीताले ।

“के भन्छिन् यिनी ? यो सब कसरी भयो ?” – आश्चर्य मान्दै डाक्टरले सोधिन् ।

रीताले जवाफमा आफ्नो स्थिति र मजबुरी सबै बताइदिई । रीताको कुराले डाक्टर एकछिन स्तब्ध भएर रीताको मुख हेरिरहिन् र पुनः सोधिन् – “मैले के गरिदिनुपर्‍यो त ?”

रीताले नम्र भएर भनी – "हजुर, ममा गर्भ रहेको साँचो रहेछ भने मेरा बच्चाहरूको बाबुले मलाई जिउँदै मार्नेछ । फेरि समाजमा मेरो यो ठूलो कलङ्क पनि हुनेछ । अतः हजुरले शङ्का निवारणका लागि एकपटक राम्ररी जाँच गरिदिनुहुन्थ्यो कि ?"

डा. शोभाले चियाको अन्तिम घुट्को पिउँदै भनिन् – "अहिले मलाई बाहिर जानुछ । भरेतिर हेरिदिउँला । त्यसो त कहिले समयभन्दा २-४ दिन ढिलो पनि हुन सक्छ । आत्तिनुपर्दैन ।"

डा. शोभा ब्याग लिएर बाहिर निस्किन् । शीला गीतालाई लिएर त्यसै दिन उनीकहाँ जचाउन आएकी थिइन् ।

भगवान्को लीला गजब छ । कसैलाई भएर पीर, कसैलाई नभएर पीर । यस्तै भयो त्यहाँ ।

डा. त्यस दिन सधैँभन्दा चाँडो गरेर घर फर्किन् र रीतालाई बोलाइन् । उसको स्वास्थ्य परीक्षण गरेपछि थाहा भो, रीतामा साँच्चि नै गर्भ रहेको पाइयो । रीता यो परिणामले आत्तिई र डराई । डाक्टरले ढाडस दिँदै भनिन् – "रीता ! समय अति बलवान् हुन्छ । म बुझ्छु, यो तिमीले चाहेर गल्ती गरेकी होइनौ र यसमा तिम्रो केही दोष पनि छैन । तर पनि समाज यो कुरा मान्न तयार हुँदैन । फेरि पनि यो अबोध शिशुको हत्या गर्नु महापाप हो । तिमी नै भन, अब के गर्ने ?"

रीताले डा. शोभासमक्ष हात जोडेर रुँदै भनी – "हजुर ! जसरी हुन्छ, मेरो उद्धार गरिदिनोस् । म मेरो लोग्नेको र समाजको आखाँमा बाँच्न चाहन्छु ।"

डाक्टरले सम्झाइन् – "आखिर जे हुनु भइ त हाल्यो ! चिन्ता गरेर केही फाइदा छैन । बरू कुनै उपाय सोचौँला ।"

"कस्तो उपाय छ हजुर ! मलाई जसरी भए पनि बचाउनुस् हजुर ! मेरा कलिला बच्चाहरू अलपत्र पर्नेछन् ।"

ऊ हिक्का छोडेर रोई । डाक्टरले भनिन् – "नरोऊ रीता ! जे हुनु भइसक्यो । अब तिमी यहीँ बसेर यसलाई तिम्रो गर्भमा बढ्न देऊ । त्यो नरपिशाचले आवेशमा बदमासी गरे तापनि तिमी नारी हौ, धरती हौ र आमा हौ । तिमीले यसको संरक्षण गर्नुपर्छ र जन्मन दिनुपर्छ । भाग्य भन्छ्यौ भने उसैले लिएर आएको हुन्छ ।"

डा. शोभाको कुराले जिल्ल परी रीता । उसले भयभीत हुँदै भनी – "डाक्टर साब ! यसलाई जन्माएपछि समाजले सोधेका प्रश्नको जवाफ मैले कुन शब्दमा प्रस्तुत गर्ने ? बिन्ती डाक्टर साब ! मलाई यो अप्ठ्यारोबाट बचाउनुहोस् ।"

डाक्टरले भनिन् – "ठीक छ । यो बच्चा तिम्रो गर्भमा समयसम्म रहन देऊ । म यसलाई जिम्मा लिनेछु । यसबारे तिमी र मसिवाय कसैलाई रत्तिभर थाहा हुने छैन । विश्वास गर । यसैमा सबको कल्याण छ । के तिमी मन्जुर छ्यौ ?"

रीताले मनको भारी बिसाउँदै भनी – "डाक्टर साब ! हजुरजस्ताको काखमा यो अभागीलाई सुम्पन पाए मलाई के चाहियो र ? हुन्छ हजुर ! म अब निश्चिन्त भएर यसलाई जन्माउनेछु ।"

भोलिपल्ट शीला ठीक ११ बजे डा. शोभाकहाँ पुगी । डाक्टरले शीलालाई गीताको सम्बन्धमा प्रबन्धसमेत मिलाएको सबै योजना बताइन् । साथै यो कुरा घरपरिवारबाट समेत गोप्य राख्नका लागि राम्ररी सम्झाइन् ।

शीलाले घर गएर गीतासँग रिपोर्टका सम्बन्धमा कुरा गर्दै दुःख नमान्नका लागि कसम खुवाई र आफ्नो योजनासमेत बताई । पहिले त गीताले इन्कार गरी, तर साथीको अपनत्व र आग्रहलाई उसले स्वीकार गरी ।

शीलाको सल्लाह अनुसार उसले आफू गर्भिणी भएको कुरा गगनलाई बताई । घरमा एकैपटक धुमधाम खुसी छायो । सासू आमाले गणेशजीको वरदान सम्झी लड्डु चढाइन् । उनीहरूको

योजना यी दुई साथीबाहेक गुन्जन र गगनलाई समेत थाहा थिएन । डा. शोभाको सल्लाह अनुसार नै रीतासँग समय मिलाएर गीता गर्भिणी भएको कुरा घोषणा गरिएको थियो ।

गीता कथित गर्भिणी भएको ५ महिना पुगेपछि गीतालाई आरामको जरुरत पर्ने कारण देखाइयो र डाक्टरको रेखदेखको समेत ख्याल राखी बच्चा नहुन्जेल माइतै बस्ने व्यवस्था मिलाइयो । गीताको माइतमा एउटी आमा मात्र थिइन् । एउटा भएको भाइ पढ्नका लागि बाहिर गएको थियो । त्यसैले त्यहाँ उनीहरूलाई कुरा मिलाउन सजिलो थियो । डाक्टरकै सल्लाह अनुसार गीता शीलाको निर्देशनमा चल्दथी ।

समय पुगेपछि गीतालाई नर्सिङ होममा भर्ना गराइयो । गीता र रीतालाई डाक्टरले एउटै डेटमा भर्ना गरिन् । दैवसंयोग, रीताले यसपटक पनि छोरो नै जन्माई र सालनालसहित डाक्टरलाई सुम्पिदिई । त्यही बच्चा लगेर डाक्टरले गीताको काखमा राखिदिई ।

विवाह गरेको ५ वर्षपछि बल्ल सन्तानको मुख हेर्न पर्खेर बसेका बज्यै र बाबु हुनेहरू बाहिर बसी घडी हेर्दै थिए । डा. शोभाले खुसी व्यक्त गर्दै गगनलाई बधाई दिइन् । शीलाले नाति ल्याएर सासूको काखमा राखिदिइन् । सासूले नातिको मुख हेर्न पाएकोमा दङ्ग परेर भेटी चढाइन् र 'चिरञ्जीवी हुनू' भनी आशीष दिएर घरतिर लागिन् । घरमा सबै खुसी थिए ।

भोलिपल्ट शीला र गीता छोरो लिएर घर आए । घरमा खुसीको सीमा थिएन । हेर्न आउने-जाने नातेदारहरूको भीड थियो । तर यो असत्य नाटक देखेर गीता भने मनमनै रोइरहेकी थिई । ऊ सोचिरहेकी थिई – 'यो सन्तान भन्ने चीज के हो ? सन्तानका लागि मानिस किन यसरी मरिमेट्छन् ? आखिर यहाँ कसको को छ र ? संसार खालि रङ्गमञ्च रहेछ । सत्य कुराको पहिचान गर्ने खुबी खै कसको रहेछ र ? आखिर यो अबोध बालक, कसैको मुटुको टुक्रा, सन्तानको नाममा आज यो घरको रोसनी भइरहेको छ ।'

घर भने साँच्चै स्वर्ग बन्यो । झन्डै अपहेलित र तिरस्कृत बन्न लागेकी गीता सबैकी प्यारी भई । यसको श्रेय शीलालाई जान्थ्यो, जसले आफ्नो मित्रता र आत्मीयतालाई सधैँ स्वच्छ र सुखी राख्न त्यति ठूलो धैर्य राखी र साहस गरेकी थिई ।

●

# सानी

आफू बोल्न जानेदेखि नै सानीलाई कसैले 'तिमी कसकी छोरी नानी ?' भनेर जिस्क्याउने गर्दा 'म बुबाकी छोरी' भनेर जवाफ दिने गर्थी । तर 'बुबा खै त ?' भनेर सोद्धा आफूसामु तेर्सिएका प्रश्नचिह्नले जिल्ल पर्दै मायालाग्दो मुख बनाएर मुसुक्क हाँसिदिन्थी । तर तिनै प्रश्नहरूले सानीलाई सधैँ पिरोलिरहेको हुन्थ्यो ।

समय धेरै बित्यो । तर आज पुनः त्यही प्रश्नले सानीको मन भारी भएर दुखाइरहेछ । उसले अतीतलाई फर्केर हेर्दा आफूलाई योभन्दा दुःखी र असहायका रूपमा पाई ।

बाबु भनेका सृष्टिकर्ता हुन् । बाबु हाम्रा पालनकर्ता, शुभचिन्तक र संरक्षक । मायाममताका खानी । ज्ञान, गुण, दया, धर्म, कर्तव्य र नैतिकताको पाठ सिकाउने गुरु । अनि सत्सङ्ग र सत्कर्मको बाटो देखाउने पनि बाबु नै हुन् । त्यसैले बाबुलाई सबैले देवताका रूपमा मान्ने गर्दछन् । यही कुरा हामीले पनि वेद, पुराण र हाम्रा पुर्खा र गुरुहरूद्वारा सुनेका, पढेका छौँ ।

यी सबै कुराहरू सानीका लागि सुन्नुमा र किताबी ज्ञानभित्र सीमित रह्यो । व्यावहारिकतामा भने ऊजस्ती अभागी छोरीका लागि बाबु के हो, बाबुको माया कस्तो हुन्छ र बाबुले केके गर्छ भन्ने कुरा सानीका लागि दन्त्यकथाको परीकथाभन्दा बिलकुल फरक रहेन । जसरी बालक दन्त्यकथा र परीकथा सुन्छन्, पढ्छन् र विभिन्न कल्पनामा हराउँछन्, बस्, उनका साथीहरूले बाबुका कुरा गरेको, बयान गरेको सुन्दा आफूचाहिँ केवल कल्पनामा हराउँदै त्यो बाबुलाई भेट्ने प्रयास गर्थी, जसले उसलाई पनि अरूका बुबाले जस्तै थुप्रै-थुप्रै असीमित माया दिन सकोस्, जसको न्यानो काखमा ऊ पनि लडिबुडी खेल्न सकोस् । बाबुका स्नेहिल म्वाइँहरू उसको कलिलो

गालामा बारम्बार बर्सिरहोस् । उसको खुसीका लागि बाबु सधैँ तन्मय रहोस् ।

तर उसका यी सबै चाहनाहरू काकाकुलको पानी पिउने प्यासभन्दा फरक रहेनन् । जिन्दगी नदी भएर पनि दुई किनारको स्पर्श पाउन सकेन ।

बाल्य अवस्थामा साथीहरू सबै बाबुको कुरा गर्दै बाबुले किनिदिएको लुगा र खेलौनाहरू देखाउँथे र बेलाबेलामा ऊसित प्रश्न गर्थे । 'सानी ! तिम्रा बुबा छैनन् ? तिम्रा बुबा आउँदैनन् ?' आदि प्रश्नले ऊ विचलित हुने गर्थी बाबुलाई देख्न र भेट्न, जसले अरूहरूका बुबाले जस्तै उसलाई सबै कुरा दिन सकोस् । त्यस समयमा सानीलाई खुब रुन मन लाग्थ्यो । तर पनि साथीहरूका अगाडि स्वाभिमानी भएर जवाफ दिने गर्थी – "मेरा बुबाले दसैँमा आउँदा मलाई पनि राम्रा-राम्रा लुगाहरू, खेलौनाहरू र मिठाइहरू ल्याइदिन्छु भन्नुभएको छ ।"

तर उसको मन भने असाध्यै दुख्थ्यो । घरमा गएपछि साथीहरूले भनेको कुरा सुनाउँदै बाबुका बारेमा धेरै प्रश्नहरू गरेर आमालाई समेत दिक्क र मर्माहत गराउँथी । आमाका आँखामा आँसु देखेपछि ऊ चुपचाप उठेर एकान्तमा बस्थी र यी सब कुरा जान्ने र बुझ्ने खुब प्रयास गर्थी । अबोध र अल्पज्ञानी केटाकेटीले के नै बुझ्न सक्थी र बिचरी ! सोच्तासोच्तै थाहै नपाई निदाउँथी । बिचरी आमा आफूले दिन सक्ने मायाले म्वाइँ खाँदै बोकेर बिछ्यौनामा लगी सुताउनुहुन्थ्यो ।

यसरी नै बाबु एक जटिल प्रश्न बनेर सानीको बालापन बित्दै गयो । ऊ ठूली हुँदै गए पनि प्रश्नचाहिँ यथावतै रह्यो । बाबु शब्दले उसलाई खुब सताउन थाल्यो । बाबुलाई हेर्न र बुबा भनेर सम्बोधन गर्ने दिनहरूलाई ऊ उत्सुकताका साथ पर्खन थाली ।

पछि मात्रै उसलाई थाहा भयो उसका बुबा अर्की आमा लिएर भारतमा बसोबास गर्नुहुन्छ भन्ने कुरा । उसकी आमाचाहिँ बुबाकी

विवाहिता जेठी श्रीमती रे ! जेठीलाई अलि टाढा गरेको रे ! आदि-आदि ।

दैवसंयोग, एकपटक सानीका बुबाको घरमा पहाड आउने काम पऱ्यो । यो कुराले सानीको खुसीको सीमा रहेन । साथीहरूलाई सुनाउन पुगी – "बुझ्यौ ? मेरा बुबा पनि आउँदै हुनुहुन्छ नि !"

'बुबा तल चौतारीनिर आइपुग्नुभो' भन्ने खबर सानीले पाई । बुबालाई लिन अरूसँगै ऊ पनि गई । कहिल्यै नदेखेको अनुहारलाई एक्कासि 'बुबा' भनेर सम्बोधन गर्ने हिम्मत भएन सानीलाई । उसको मनको उत्कट इच्छा र आकाङ्क्षा घाँटीमै सीमित रह्यो । दिदीबहिनी, भाइहरू, ठूलोबुबा, काका आदि साइनो लगाउँदै अरूहरू हिँड्न थाले । आफू भने बुबाको आफ्नै रगतको नाता भए तापनि 'बुबा' भन्ने सम्बोधन र स्पर्शबाट टाढा हुँदै पछिपछि लागी । आफ्ना बाबुलाई आफ्ना अगाडि पाउँदा खुसीले सानीको मुटुको धड्कन बढिरहेथ्यो । खुसीको सीमा थिएन । बुबाको न्यानो काखमा बस्ने र बुबाले ल्याइदिएका नयाँ-नयाँ खेलौना र लुगाहरू साथीहरूलाई देखाउने हतारले ऊ छिटोभन्दा छिटो घर पुग्न दौडी । खुसीले सासलाई नियन्त्रणमा ल्याउन खोज्दै सानीले बुबा आइपुग्नुभएको खबर सुनाई । तर आश्चर्य ! यो खुसीको खबरले आमाको मुहारमा केही फरक आएन । खालि यति सोध्नुभयो – "को-को आएका रहेछन् ?"

सानीको जवाफ थियो – "बुबा र एकजना भरिया दाइ ।"

आमा यन्त्रवत् आफ्नै काममा लाग्नुभयो ।

बुबा घर आइपुग्नुभयो । भारी खोलियो । एउटा सुटकेस र बेडिङ थियो । केही मिठाइहरू निकालेर बाँड्नुभयो । सानीको भागमा पनि ३-४ वटा पऱ्यो ।

साँझ परिसकेको थियो । बुबा आमाको कोठामा नगएर अगाडि बेग्लै कोठामा बस्नुभयो । यो सबै देखेर सानी आश्चर्य र उत्सुक हुँदै

यी दृश्यहरू हेर्दै गई । खाना खाएर सबै दाजु, दिदी, भाइ, बहिनीहरू आँगनमा खेल्न गए । तर सानी भने बुबाको मीठो सम्बोधन पाउने आशा र नयाँ-नयाँ लुगा र खेलौनाहरू पाउने अभिलाषा लिएर बुबाको कोठाछेउको पर्दा खेलाउँदै मायालाग्दी भएर ढोकामा उभिइरही धेरै बेर । ऊ मनमनै सोच्दै थिई – मेरो बुबा कति राम्रो, तर कसरी बुबा भनेर सम्बोधन गर्ने ?

ऊभित्र असजिलो अनुभव भइरहेथ्यो । हतास मन भने बुबाको बोली सुन्न छटपटाइरहेथ्यो । यस्तैमा उसका बुबाको पहिलो बोली फुट्यो – "तिमी किन ढोकामा बसेकी ? बाहिर साथीहरूसँग खेल्न जाऊ ।"

आफ्नो आशा विपरीत सुनेको शब्दले सानी झसङ्ग भई । के गरूँ र कसो गरूँ भएर आयो सानीलाई । एक्कासि शरीरको तापक्रम बढ्यो । हतास र विचलित भएर सानीले बुबा भन्नुपर्ने व्यक्तिको मुखमा पुलुक्क हेरी । रगतको नाताले बाबुप्रति बहेको उसको अगाध श्रद्धा र प्रेम छिनभरमै अविश्वास र आत्मग्लानि बढेर खाकमा परिणत भयो । जिल्ल परी सानी । बुबाको त्यो अनौठो व्यवहारले गर्दा सधैँ बुबाको प्रतीक्षा गर्ने उसका उत्सुक र जिज्ञासु आँखाहरू आँसुले डबडबाए । उसको कलिलो हृदयले त्यो आघातलाई सहन सकेन । सुँक्कसुँक्क र हिक्कहिक्क गर्दै त्यही दया र ममताकी प्रतिमूर्ति आमाको काखमा घोप्टिन पुगी । आमाले रोएको कारण सोध्नुभयो । गलामा परेको गाँठोले गर्दा सकी-नसकी कारण बताई । लाग्यो सानीले आमाको जलिरहेको दिलमा आगो थपिदिई । सानीलाई अँगालोभरि लिएर आमा पनि खुब रुनुभयो । सानीले आमालाई नरुनका लागि बिन्ती गरी । आमा र छोरीमा अब नरुने सर्तमा सम्झौता भयो ।

त्यसपछि पनि सानीको मनले चाहिँ बारम्बार एउटै प्रश्न दोहोऱ्याइरह्‌यो – यो कस्तो बाबु हो ? बाबु हो भने यो कस्तो बाबु हो ? साँच्चै नै यस्तो निर्मम व्यक्ति नै मेरो बाबु हो त ? बाबु हो

भने मेरी आमालाई किन अरूसरह व्यवहार गरेको ? के जिन्दगीभरि म मेरा बुबाको माया, ममता र प्रेमबाट वञ्चित रहन्छु त ?

यस्तै-यस्तै कल्पनाले सानी रातभर छटपटाइरही । सायद आमा पनि निदाउनुभएन । सानीलाई लाग्यो आमा पनि खुब रुनुभएछ । बिहान उठ्दा आमाका आँखा फुलेका थिए । सानीकी आमाले पतिको आड र प्यारविनाको निरस र निरर्थक जीवनलाई केवल सन्तानका लागि जोगाइराख्नुभएको थियो । धन्य हुनुहुन्छ त्यस्ती आमा !

सानीका बुबा घरमा ३-४ दिन बस्नुभयो । पहिलो दिनको व्यवहारले गर्दा सानीको बुबाप्रतिको श्रद्धा र विश्वास घृणामा परिणत भइसकेको हुँदा बाबुका अगाडि जाने चाहना नै भएन । बुबाको फर्कने दिन आयो । बुबाले जाने बेलामा केटाकेटी सबैलाई १-१ रुपियाँ दिनुभयो । सानीलाई पनि बोलाउनुभयो । तर सानी गइन । बुबाले काकाको छोराको हातमा उसका लागि पनि १ रुपियाँ पठाइदिनुभयो ।

सानीका बुबा बाटो लाग्नुभयो । तर सानी भने मूर्तिवत घरकै आँगनमा उभिएर सोचिरही एउटै प्रश्नका बारेमा – यो मान्छे को थियो ? मेरो बाबु थियो भने यो कस्तो बाबु थियो ? यो मान्छे मेरा लागि जिन्दगीभरि प्रश्नैप्रश्न बनेर उभिने भयो ।

सानीले लामो सास तानी र दुवै आँखा दुई हातले छोपेर सजग हुँदै थचक्क भुइँमा बसी ।

बिचरी सानी ।

●

प्रिय पाठक !
यो पुस्तक तपाईंलाई कस्तो लाग्यो,
कृपया प्रतिक्रिया व्यक्त गर्न नभुल्नुहोला ।


| **शब्दयात्रा प्रकाशन**<br>अक्षरधाम, बनेपा–६, काभ्रे<br>दूरभाषाङ्क : ०११-६६५४६५ | अथवा | **लीलादेवी श्रेष्ठ**<br>भोजपुर, हाल काठमाडौँ<br>दूरभाषाङ्क : ९८६००७५९९१ |
|---|---|---|